वर्ष : १७, अंक : ५१, काठमाडौं, २०७८ चैत २५ गते शुक्रबार, 8 April 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

## ठाकुरको स्वास्थ्यमा सुधार



काठमाडौं । एक्कासी अस्वस्थ भएका लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरको स्वास्थ्यमा सुधार भएको छ। स्वास्थ्यमा सुधार भएपछि ठाकुर मेडिसिटी अस्पतालबाट डिस्चार्ज भएका छन् । उनी कार्यक्रमका लागि लुम्बिनी प्रदेशको रूपन्देहीको भैरहवामा थिए । बुधबार एक्कासी स्वास्थ्यमा गडबडी भएपछि हेलिकप्टरबाट काठमाडौं ल्याइएको थियो । स्वास्थ्य अवस्थामा सुधार भएपछि अध्यक्ष ठाकुरलाई डिस्चार्ज गरिएको लोसपा नेता डा.सुरेन्द्र झाले बताएका छन् ।

## निर्णायक आन्दोलनको चेतावनी

वीरगञ्ज । लोसपा अध्यक्ष महन्थ ठाकुरले मधेस विद्रोह र आन्दोलन अहिले पनि जारी रहेको बताएका छन् । उनले मधेसीमाथि शासकले अहिले पनि सामाजिक, कानुनी र आर्थिक विभेद् गरिरहेका कारण मधेस आन्दोलन र विद्रोह अहिले पनि नसकिएको बताए ।

वीरगञ्जमा पार्टीद्वारा आयोजित 'स्वभिमान यात्रा' नामक र्‍यालीमा बोल्दै उनले मधेसका मुद्दा सम्बोधन नभएसम्म मधेस विद्रोह र आन्दोलन निरन्तर चलिरहने बताए । 'अब निर्णायक मधेस आन्दोलन हुन्छ, हामी तयारीमा लागिसकेका छौं,' उनले भने ।

मधेस २२ जिल्लाको भए पनि शासकले ८ जिल्लामा मात्रै सीमित पारिदएको भन्दै उनले भने, 'मधेसमै मधेसीलाई अल्पमत पार्न शासकले मधेसलाई आठ जिल्लामा सीमित गरिदिएका छन् ।' त्यस्तै वरिष्ठ नेता राजेन्द्र महतोले

बाँकी अन्तिम पृष्ठमा

# ओलीको मधेश मिसन

## मधेशमा कांग्रेसको गढ भत्काउने यस्तो छ एमाले रणनीति

**मधेशवाणी डेस्क**

काठमाडौं । स्थानीय तहको निर्वाचन नजिक आएसँगै एमाले अध्यक्ष केपी शर्मा ओलीको दौडधुप बढेको छ ।

ओलीले निर्वाचनलाई लक्षित गरि आफनो ध्यान सुदूरपश्चिम प्रदेश र मधेश प्रदेशमा केन्द्रित गरेका छन् । विगतमा मधेश प्रदेशमा एमालेलाई निषेध गर्ने अवस्था थियो । मधेश आन्दोलनताका मधेश विरोधी नेताको आरोप लागेका ओलीले मधेशलाई फकाउने अभियानमा छन् । अहिले मधेशमा एमालेलाई स्वागत गर्ने अवस्था बनेको भन्दै ओलीले मधेसी दल तथा नेपाली कांग्रेसका गढ इलाका भत्काउने योजनामा पनि रहेका छन् ।

खासगरी एमालेले माओवादी र मधेशी दलका नेताहरूलाई पार्टीमा ल्याएर कांग्रेसमाथि प्रहार गर्ने योजना बनाएको छ । 'मधेशमा कांग्रेस बलियो छ भन्ने हामीलाई थाहा छ तर माओवादी र मधेशी दलको संगठन नभत्काइ एमाले बलियो हुँदैन । एमाले बलियो हुँदै गर्दा कांग्रेसले पनि पुरानो विरासत फर्काउने अवस्था छ', एमालेका एक नेताको दावी छ 'नेपालमा दुई दल मात्रै हुनुपर्छ भन्ने तहबाट पनि बहस हुनु जरूरी छ त्यसकारण एमालेले क्षेत्रीय दलको गढ भत्काउने कोसिस गरिरहेको छ ।'

चैत महिनाभर एमाले अध्यक्ष ओलीको ध्यान सुदूरपश्चिम र मधेश प्रदेशमा देखिएको छ । मोरङको रंगेली नगरपालिकाका मेयर दिलिपकुमार बगाडिया (अग्रवाल) र उपमेयर केशवकुमारी खराललाई ओलीले पार्टीमा ल्याए । सत्ताबाट बाहिरिएर प्रतिपक्षमा पुगेको एमालेले सत्ताधारी दल नेकपा माओवादी केन्द्रबाट निर्वाचित मेयर र उपमेयरलाई ल्याएर जति चर्चा पाएनन् त्योभन्दा बढी मधेस प्रदेशको एकमात्र महानगरपालिका वीरगञ्जका मेयर विजयकुमार सरावगीलाई पार्टीमा ल्याएपछि चर्चा पाए । तर त्यहाँ एमालेका स्थापित नेता राजेशमान सिंह लोसपा हुँदै जसपातिर लागे ।



*वीरगन्जमा सम्बोधन गर्दै एमाले अध्यक्ष केपी शर्मा ओली ।*

वीरगञ्जको प्रसौनीविर्तामा सरावगीलाई एमाले अध्यक्ष ओलीले गम्छा पहिराएर पार्टी प्रवेश गराउँदै गर्दा सिंहले एमाले छाडेको घोषणा गरे । सरावगी २०७४ सालको स्थानीय तहको निर्वाचनमा तत्कालीन संघीय समाजवादी फोरमबाट मेयरमा निर्वाचित भएका थिए ।

त्यसअघि सरावगीको राजनीतिक पहिचान थिएन । उनी उद्योगी व्यवसायी थिए । २०७२ को तेस्रो मधेस आन्दोलनताका राजनीतिमा सक्रिय सरावगी तत्कालीन संघीय समाजवादी फोरममा प्रवेशसँगै वीरगञ्ज महानगरको मेयरको टिकट पाएर निर्वाचित भएका थिए ।

बाराको आदर्श कोतवाल गाउँपालिका अध्यक्ष मुस्तुफा अन्सारीलाई नेकपा एमालेका अध्यक्ष ओलीले पार्टीमा ल्याए । पालिका अध्यक्ष मुस्तुफा जनता समाजवादी पार्टी त्याग गरेर एमालेमा प्रवेश गरेका हुन् ।

मधेश सरकारको नेतृत्व गर्ने यस प्रदेशको ठूलो पार्टी जसपाका जनप्रतिनिधिलाई पार्टीमा ल्याउदै ओलीले मधेसमा आफूले गरेको विकासको फेहरिस्त प्रस्तुत गरेका थिए ।

हुलाकी सडक, सिँचाइका थुप्रै काम आफू नेतृत्वको सरकारले अघि बढाएको उनको भनाइ थियो । मधेशी दलले जोडदार रूपमा उठाउँदै आएको नागरिकताको समस्याको समाधान पनि एमालेले नै गर्ने उनको दाबी थियो ।

मधेशकै ठूलो दल जसपाभित्र मतभेद चुलिएको बेला यस पार्टीका असन्तुष्ट नेता तान्न एमाले केन्द्रित भएको पाइन्छ । २०७२ को मधेश आन्दोलनबाट एमाले मधेसमा करिब करिब जनमत गुमाइसकेको थियो ।

तर मधेशी दलकै सत्ता स्वार्थका कारण एमाले मधेशमा जोडदार 'कमब्याक' गरेको विश्लेषकहरू बताउँछन् । आन्दोलनका बखत संघीय समाजवादी फोरम र राजपाबीच मधेशी गठबन्धन बनेको थियो ।

मधेशी शक्तिको फुटले फाटेको मधेशी मन सिलाउन नसक्दा मधेशी दलको अखाडा मधेशमै कमजोर बनेको अवस्थामा ओलीले फाइदा लिइरहेका छन् । ओलीले त्यतिमात्र होइन पञ्चालयतकाल देखि नै पार्टी र रंग बदल्न खप्पिस रहेका जामिल मियालाई पनि एमालेमा ल्याएका छन् । माओवादीका नेता प्रभु साहलाई पार्टीमा

बाँकी अन्तिम पृष्ठमा

## 'ओलीका कारण संविधान संशोधन भएन'



सिरहा । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले मधेशी जनताको पहिचान र अधिकारसहितको संविधान संशोधन प्रस्ताव पारितको बाधक एमाले रहेको बताएका छन् । सिराहको मिर्चैयामा आयोजित कार्यक्रममा सम्बोधन गर्दै उनले त्यसका असली भागिदार केपी शर्मा ओली रहेको बताए ।

'मधेशी जनताको पहिचान र अधिकार संविधानमा जति लेखिनुपर्थ्यो, लेखिएन, मधेशी जनताको अधिकारलाई परिमार्जनका निमित्त संसद सचिवालयमा प्रस्तावसमेत दर्तासमेत भयो तर एमाले भन्ने पार्टी र केपी ओली भन्ने नेताकै कारण मधेशी जनताको पहिचान र अधिकारको संसोधन प्रस्ताव पारित हुन सकेन,' उनले भने । पहिचान र अधिकारको लडाइँका लागि आफूहरूले अभियान अघि बढाएको उनले बताए । ओलीले पार्टीमा अल्पमत परेको हुनाले संसद् विघटन गरेको उनले आरोप लगाए ।

## जसपाद्वारा दुई राजदूतको नाम सिफारिस

काठमाडौं । जनता समाजवादी पार्टी नेपालले दुई जनालाई राजदूत नियुक्तिका लागि नाम सिफारिस गरेको छ । डा. राम सोगारथ रायलाई डेनमार्क र नवराज सुवेदीलाई साउदी अरबको राजदूतको रूपमा सरकारलाई नाम सिफारिस गरिएको छ ।

बिहिवार पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा बसेको तीन सदस्यीय मुख्यालयको बैठकले डा. राय र सुवेदीको नाम तय गरेको हो । राजदूत नियुक्तीको लागि बिहिवार नै परराष्ट्र मन्त्री डा. नारायण खड्कालाई बुझाईएको छ ।

पार्टी मुख्यालय समितिमा पार्टी अध्यक्ष उपेन्द्र यादव, संघीय परिषद अध्यक्ष डा. बाबुराम भट्टराई र वरिष्ठ नेता अशोक कुमार राई रहेका छन ।

## आचारसंहिता आजबाट लागू हुँदै

काठमाडौं । निर्वाचन आयोगले स्थानीय निर्वाचनका लागि शुक्रबारदेखि निर्वाचन आचारसंहिता लागू गर्ने भएको छ । वैशाख ३० मा हुने स्थानीय तह निर्वाचनका लागि आचारसंहिता कार्यान्वयन गर्न निर्वाचन आयोग अन्तिम तयारीमा जुटेको हो । निर्वाचनको तयारीवारे बिहीबार सरकारलाई ब्रिफिङ गरेको आयोगले सम्भवत: शुक्रबारको बैठकबाट आचारसंहिता लागू भएको निर्णय र घोषणा गर्नेछ । निर्वाचन आचारसंहिता लागू भएपछि बन्देजहरू लागू हुने भएकाले प्रमुख दलका शीर्ष नेताहरूले केही दिनयता निर्वाचन केन्द्रित अभियान तीब्र पारेका छन् । निर्वाचन आउन करिव एक महिनामात्रै बाँकी रहेकाले अब पनि आचारसंहिता लागू नगर्ने हो भने राज्यको सुविधा लिने पदाधिकारी र स्रोतसाधन प्रयोग गर्नेहरूका क्रियाकलापले निर्वाचनमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले तत्काल आचारसंहिता कार्यान्वयन गर्ने निष्कर्ष आयोगका पदाधिकारीहरूले निकालेका छन् ।

निर्वाचन आयोगले तयार पारेको र ३ चैत २०७८ मा राजपत्रमा प्रकाशित गरेको निर्वाचन आचारसंहितामा राज्यको पदमा बसेकाहरू, निर्वाचनमा भाग लिने उमेद्वारहरू अनि निर्वाचनमा प्रत्यक्ष नजोडिएका तर सरोकारवालाहरूले पालना गर्नुपर्ने नियमको व्यवस्था गरिएको छ । आचारसंहिता जारी भएपछि स्थानीय तहका जनप्रतिनिधिले राजिनामा दिनुपर्ने प्रावधान राखिएको थियो, जसलाई सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत रोक लगाएको छ । त्यो आदेशले निरन्तरता पाउने कि नपाउने भन्नेवारे छलफल हुन बाकी छ । आचारसंहितामा निर्वाचन प्रचारप्रसारमा फजुलखर्च गर्न रोक लगाइएको छ भने सामाजिक सञ्जालको प्रयोगकोमा समेत मापदण्ड निर्धारण गरिएको छ । आयोगले निर्वाचनप्रचारप्रसारका क्रममा बैंकबाट मात्रै खर्च गर्नुपर्ने व्यवस्था थपेको छ ।

## 'मधेश प्रदेशले आफ्नै भाषामा सरकारी कामकाज सुरू गर्ने'

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले मधेश प्रदेशको कामकाजी भाषा छिट्टै घोषणा हुने बताएका छन् । मैथिली विकास कोषले आयोजना गरेको जनकपुरधाम साहित्य, कला तथा नाट्य महोत्सवको उद्घाटन समारोहमा मुख्यमन्त्री राउतले संविधान प्रदत अधिकार अनुरूप मधेश सरकारले प्रदेशको कामकाजी भाषाको घोषणा छिट्टै गर्न लागेको बताएका हुन् ।

प्रदेशको कामकाजी भाषा सम्बन्धि विधेयक निर्माणको काम अन्तिम चरणमा पुगेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले एक महिनाभित्र विधेयक प्रदेश सभामा दर्ता हुने र प्रदेश सभाबाट पारित भए लगतै मधेश प्रदेश आफ्नै भाषामा सरकारी कामकाज शुरू गर्ने बताए ।

मधेश सरकार प्रदेश भित्रका भाषा संस्कृतिको संरक्षण सम्बर्द्धन गर्न प्रतिबद्ध रहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले मधेश भाषा साहित्य प्रज्ञा प्रतिष्ठान गठनको तैयारी अन्तिम चरणमा पुगेको बताए । मधेश प्रदेशका प्रमुख भाषाहरू मैथिली, भोजपुरी, बज्जिका लगायतका भाषा संस्कृतिको संरक्षण गठन गर्न लागेको प्रतिष्ठानले गर्नेमा आफु विश्वस्त रहेको उनको कथन थियो ।

कोषका अध्यक्ष जिवनाथ चौधरीको अध्यक्षता एवं पूर्वप्रधानमन्त्री माधव कुमार नेपालको प्रमुख आतिथ्यमा भएको उद्घाटन समारोहमा प्रदेश सरकारका मन्त्रीहरू, भाषा साहित्य क्षेत्रका प्रबुद्ध व्यक्तिहरूले शुभकामना मन्तव्य राखेका थिए ।

## देशमा हिन्दू राष्ट्रको लहर बढ्यो, अब घोषणा हुन मात्र बाँकी : अध्यक्ष पटेल

काठमाडौं । हिन्दू परिषद् नेपालका केन्द्रीय अध्यक्ष सन्तोष पटेलले देशमा हिन्दू राष्ट्रको लहर बढ्दै गइरहेको बताउँदै अब घोषणा गर्न मात्र बाँकी रहेको दाबी गरेका छन् । संघीय राजधानी काठमाडौंमा आइतबार सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै अध्यक्ष पटेलले यस्तो दाबी गरेका हुन् ।

प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणबारे इंगित गर्दै अध्यक्ष पटेलले भने, 'प्रधानमन्त्री देउवा र उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्वनाथबीचको भेटघाट र काशी विश्वनाथमा गरिएको पुजाअर्जनाले ठूलो संकेत गरेको छ ।'

प्रधानमन्त्री देउवा एउटा चमत्कारिक व्यक्तित्व रहेको बताउँदै पटेलले भने, 'देउवाजी जब-जब प्रधानमन्त्री बन्नुहुन्छ, तब-तब कुनै अनौठो प्रकारको कार्य भएको छ । तसर्थ, अब देशमा हिन्दू राष्ट्रको लहर बढेसँगै घोषणा हुने सम्भावना प्रवल छ ।'



धर्म-निरपेक्षताको आडमा देशका प्रमुख राजनीतिक दलले नाजायज़ फाइदा उठाउने कार्य मात्र गरेको गुनासो गर्दै उनले सनातन धर्मावलम्बीहरू माथि दमन शोषण हुनु, आस्था केन्द्र माथि आक्रमण, गौ तस्करी र हत्या हुनु, लभजिहाद, धर्म परिवर्तन जस्ता कार्यले सम्पूर्ण कुरा प्रस्ट पारीसकेको बताए ।

सम्पूर्ण नेपालीलाई एक सूत्रमा बाँध्ने सेतु 'हिन्दू राष्ट्र नेपाल', मुलुकको एकता, समृद्धि, राष्ट्रियता, अंखडता र पहिचान हिन्दू राष्ट्रसँग जुडेको जिकिर गरेका छन् ।

पटेलले भने, 'आज देशमा इसाई र इस्लामिक तत्व हावी हुँदै गएकोले यी दुई तत्वलाई नरोकिए मुलुक विखण्डन हुने खतरा रहेको छ । आज रहेक राजनीतिक दलभित्र हिन्दू राष्ट्रको बहस हुनु, हिन्दू राष्ट्रको कार्यक्रममा उत्साहपूर्वक सहभागिता हुनु, देशभरि चर्चा परिचर्चा हुनु, विश्वभरिका सनातन धर्म मान्ने सम्पूर्णको सुभेच्छा बढ्नुसँगै शहरदेखि गाउँसम्मका नेपाली दाजुभाइ र दिदिबहिनी जागरूक हुनु हिन्दू राष्ट्र नेपालको लहर पैदा भएको संकेत गर्दछ ।'

सच्चा नेपाली हिन्दू राष्ट्रको पक्षमा रहेको बताउँदै विदेशीका एजेन्ट तथा राष्ट्रघाती मात्र हिन्दू राष्ट्रको विपक्षमा रहेका बताए । 'आजकल मुलुकमा विदेशीहरूको दलाली गर्ने नेताहरूको कारण मुलुकको राष्ट्रियता खतरामा रहेको छ । विश्वमा हिन्दू राष्ट्रबाटै नेपाल र नेपालीहरूको पहिचान रहेकोले हिन्दू राष्ट्र नेपाल भए मात्र देशको समृद्धि, एकता, अखंडता, विकास सम्भव हुनेछ,' पटेलले भने । सामाजिक र धार्मिक कार्य गरी २०७२ साल देखी हिन्दू राष्ट्र नेपाल धोषणको लागी हिन्दू परिषद नेपालले संघर्ष गर्दै आएको र आज लाखौं नेपालीलाई जोड्न सफल भएको पटेलले बताए ।

## प्रधानमन्त्रीको भारत भ्रमण उपलब्धिमूलक : उद्योगी

नयाँदिल्ली । प्रधानमन्त्री शेरबहादुर देउवाको तीनदिने भारत भ्रमणलाई नेपाल तथा भारतका निजी क्षेत्रका उद्योगी व्यवसायीले निकै सफल र उपलब्धिमूलक भएको दाबी गरेका छन् ।

विगत केही वर्षदेखि उच्च राजनीतिकस्तरमा संवाद हुन नसक्दा दुई छिमेकी मुलुकबीच व्यापारिक क्षेत्रमासमेत अनेक समस्या र कठिनाइ रहेका अवस्थामा प्रधानमन्त्रीको भारत भ्रमणले आपसी विश्वास अभिवृद्धि गर्न तथा विद्युत्, यातायातलगायतका क्षेत्रमा भएका महत्वपूर्ण सम्झौताले आगामी दिनमा नेपालको आर्थिक विकासमा महत्वपूर्ण सहयोग पुग्ने उनीहरूको विश्वास रहेको छ ।

साथै यसले नेपालमा भारतीय लगानी बढाउन र भारततर्पको निर्यात सहजीकरणका लागि दुवै देशका सरकारलाई मार्गप्रशस्तसमेत गरेको छ । आफ्नो भारत भ्रमणको सिलसिलामा भारतीय व्यापारिक समुदायसँगको अन्तर्क्रियामा प्रधानमन्त्री देउवाले नेपालमा लगानीको वातावरण सहज भएकाले ऊर्जा, पूर्वाधार, पर्यटनजस्ता क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्ता, उद्योगी एवं व्यवसायीसँग आग्रह गरेका थिए ।

नेपाल र भारतबीचको पारस्परिक ऐतिहासिक सम्बन्धलाई मजबुत बनाउन तथा दुईपक्षीय आर्थिक सहयोगका विषयमा छलफल गर्न आफू भारत भ्रमणमा आएको प्रधानमन्त्रीले बताए । आफ्नो यो भ्रमणबाट नेपाल-भारत सम्बन्धले थप उचाइ हासिल गर्ने विश्वास पनि प्रधानमन्त्रीले व्यक्त गरे । नेपालको बृहत्तर आर्थिक सामाजिक विकासलाई केन्द्रमा राखेर समुन्नत राष्ट्रको मार्गचित्र कोर्ने दिशामा सबै नेपाली पुन:एकपटक जुट्नुपर्ने आवश्यकता औंल्याउँदै प्रधानमन्त्री देउवाले देशको विकासका निजी क्षेत्रलाई आह्वान गरे ।

कन्फिडरेसन अफ इन्डियन इन्डिष्टिज (सिआइआइ) ले आयोजना गरेको उक्त कार्यक्रममा भ्रमण दलमा सहभागी नेपाल उद्योग वाणिज्य महासङ्घ अध्यक्ष शेखर गोल्छाले जलविद्युत्, पर्यटन, उत्पादनमूलक क्षेत्र र सूचना प्रविधिलगायतका सेवा क्षेत्रमा भारतीय लगानीको प्रशस्त सम्भावना रहेको उल्लेख गरे ।

उनले पछिल्ला वर्षमा भारतीय लगानी घटिरहेका सन्दर्भमा यसलाई बढाउन नेपाली निजी क्षेत्रले सहजीकरण गर्ने बताए । नेपालमा लगानी गरेका बहुर्राष्ट्रिय कम्पनीले राम्रो मुनाफा आर्जन गरिरहेको पनि उनले बताए ।

सिआइआइका अध्यक्ष टिभी नरेन्द्रनले केही समय नेपाल आन्तरिक द्वन्द्व, राजनीतिक अस्थिरता, विद्युत् अभाव जस्ता समस्याबाट गुज्रिएको र पहिल्लो दुई वर्ष कोभिड सङ्क्रमणले पनि लगानीको वातावरण बन्न नसकेका अवस्थामा अब यो अवस्था नरहेको उल्लेख गर्दै नेपाल भारतीय लगानीकर्ताका लागि आकर्षक गन्तव्य भएको बताए ।

उनले नेपालका प्रधानमन्त्रीको भारत भ्रमणले राजनीतिक सौहार्दता अभिवृद्धि गरेको उल्लेख गर्दै उनले यसले नेपालमा लगानी बढाउन भारतीय व्यवसायीलाई उत्साही तुल्याएको छ भने । अध्यक्ष नरेन्द्रनले नेपाल भारतीय लगानीकर्ताका लागि आकर्षक गन्तव्य भएको र नेपालमा लगानी बढाउन सहजीकरण गर्ने बताएका थिए । सिआइआइको ऊर्जा संयन्त्र नेपालमा लगानी बढाउन सहकार्य गर्ने पनि बताउँदै उनले कृषिजन्य वस्तुको निर्यातमा गुणस्तरीयता कायम गर्न पनि भारतले सहयोग गर्नसक्ने स्पष्ट गरे ।

कार्यक्रममा करिब ३० वटा भारतीय बहुर्राष्ट्रिय कम्पनीको सहभागिता रहेको थियो भने विभिन्न करिब १५ कम्पनीका प्रमुख कार्यकारी अधिकृतले नेपालमा लगानीको सम्भावनाबारे चासो र अनुभव प्रस्तुत गरेका थिए । उनहरूले सूचना प्रविधि, पूर्वाधार, जलविद्युत्जस्ता ठूला परियोजनामा लगानीको अवसर रहेको बताउँदै जग्गा अधिकरण, भन्सार प्रक्रियामा सरलीकरण, रूख कटानलगायतका केही समस्या रहेको भन्दै त्यसलाई पनि व्यवस्थित र एकद्वार प्रणालीअनुसार कार्यान्वयन गर्न सकिएमा भारतका लगानीकर्ता अझ उत्साही हुने धारणा राखेका थिए ।

महासङ्घ र सिआइआइका पदाधिकारीबीचको छलफलमा लगानीमा सहकार्य विस्तार, संयुक्त परियोजनाको कार्यान्वयन, नेपाल-भारत लगानी एवं व्यापार सहजीकरणका विषयमा भारतीय लगानीकर्ताले चासो राखेका थिए ।

बाँकी अन्तिम पृष्ठमा

# सम्पादकीय

## भारत भ्रमणको उपलब्धी

प्रधानमन्त्री शेरबहादुर देउवा गत हप्ता भारतको औपचारिक भ्रमण गरेका छन् । प्रधानमन्त्रीले नेपालीको गहिरो सांस्कृतिक र शैक्षिक सम्बन्ध रहेको बनारसको समेत भ्रमण गरेका छन् ।

यो भ्रमण नेपाल-भारत सम्बन्धका आगामी दिनलाई नयाँ दिशा दिन सफल भएको छ । नौ महिनाअघि गत असार अन्तिममा प्रधानमन्त्री भएका प्रधानमन्त्री देउवाको भारतकको यो पहिलो भ्रमण भएर पनि यसले ठूलो कूटनीतिक महत्व बोकेको छ । नेपाल-भारत सम्बन्धका फराकिला आयाम विस्तार भएर मात्र होइन, आगामी दिनमा सहयोगको क्षेत्र विस्तारले समेत भ्रमणलाई उपलब्धिमूलक बनाएको छ ।

भारतीय समकक्षी नरेन्द्र मोदीको निमन्त्रणामा भएको यो भ्रमणलाई नयाँदिल्लीले उच्च महत्व दिएको छ । भ्रमणका अवसरमा भएका चारवटा सम्झौताले नेपाल र भारतबीचको उचाइ थप बढाएको छ । ती चारवटा सम्झौतामा नेपाल र भारतबीच अन्तर्राष्ट्रिय सोलार एलाइन्स, रेल्वेसम्बन्धी प्राविधिक सहयोग, पेट्रोलियम पदार्थ आपूर्ति र नेपाल आयल निगम र भारतीय आयल कर्पोरेसनबीच प्रविधिक विज्ञता आदानप्रदान गर्ने रहेका छन् यी सम्झौता आफैँमा दूरगामी महत्व बोकेका छन् ।

नेपाल र भारतबीच पछिल्लो समय सीमा विवादले अलि बढी तिक्तता बढेको अनुभव भएको थियो । उच्चस्तरमा संवादहीनतासमेत आउने खतरा थियो । प्रधानमन्त्री देउवाको यो भ्रमणले संवादका ढोका खुलेका छन् ।प्रधानमन्त्री देउवा र भारतीय प्रधानमन्त्री मोदीबीच दुई देशबीच

**प्रधानमन्त्री देउवाको भारतमा भएको भव्य स्वागतसँगै बढेको प्रगाढ र हार्दिक सम्बन्धले नेपालको राष्ट्रिय हित र आर्थिक विकासलाई केन्द्रबिन्दुमा राखेको छ । ऐतिहासिक सफलता हासिल गरेको छ ।**

देखिएको सीमा विवादसम्बन्धी विषयमा कुरा हुनु र नेपाल र भारतबीच परापूर्वकालदेखि रहँदै आएको सम्बन्ध र हाम्रा सन्धि सम्झौताका आधारमा संवाद र कूटनीतिक प्रक्रियामार्फत समाधान गर्ने विषयमा कुरा अघि बढ्नु प्रधानमन्त्री देउवाको सफलता हो ।

निश्चय पनि नेपाल र भारतीबीच सीमा विवाद छ । प्रधानमन्त्री देउवाको भारत भ्रमणले ती सबै विषयको सम्बोधनका लागि अब वार्ता सुरू हुन्छ भन्ने विश्वास लिन सकिन्छ । अब दुवै देशका निकायहरूले वार्ता सुरू गर्छन् र यसबाट नेपाल-भारतको सम्बन्ध अझ सुदृढ हुन्छ भन्ने आशा गर्न सकिन्छ ।

नेपालमा अहिले पनि राजनीतिक र कूटनीतिक रूपमा सम्बन्ध कस्तो हुन्छ भन्ने बोध गर्ने राजनीतिक दल सीमित छन् । नेपालको कम्युनिस्ट राजनीतिक समूहले 'अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद' को कथा पढायो । कार्यकर्तालाई त्यही रूपमा प्रशिक्षित गरियो तर कम्युनिस्ट पार्टीहरूले सत्तामा पुगेपछि मात्रै छिमेकी र अन्तर्राष्ट्रिय सम्बन्धलाई नयाँ ढङ्गले लैजानुपर्ने रहेछ भन्ने कुरा बुझ्ने भए । अहिले कुनै कम्युनिस्ट पार्टीका दस्तावेजमा कूटनीतिक भावनालाई खलल पुग्ने कुरा छैनन् ।

प्रधानमन्त्री देउवाको भारतमा भएको भव्य स्वागतसँगै बढेको प्रगाढ र हार्दिक सम्बन्धले नेपालको राष्ट्रिय हित र आर्थिक विकासलाई केन्द्रबिन्दुमा राखेको छ । ऐतिहासिक सफलता हासिल गरेको छ ।

छिमेकी मुलुकहरूबीचको सम्बन्ध सुमधुर बनाउन बेलाबेलामा हुने उच्चस्तरीय पारस्परिक भ्रमणको ठूलो महत्व हुन्छ । उच्चस्तरीय भ्रमणमध्ये पनि समय र सन्दर्भले कतिपय भ्रमण अझ विशेष ऐतिहासिक महत्व बोकेका हुन्छन् । प्रधानमन्त्री शेरबहादुर देउवाको यो भ्रमण समय र सन्दर्भले विशेष ऐतिहासिक बनाएको छ ।

# चुनाव : नेताहरूको चोखिने अवसर

**विचार-विश्लेषण** भाग-१२८



उपेन्द्र झा

**चीनको ऋणमा डुबेको श्रीलंका आर्थिक रूपले पूर्ण ध्वस्त भइसकेको छ । जनताले उपयोग गर्ने कुनै सामग्री, खाद्यान्न जनताको क्रयशक्तिभन्दा माथि गइसकेको छ । भोकमरीको चपेटमा आएको श्रीलंकाली जनता अन्तर्राष्ट्रिय राहत सहयोग पाउँदासम्म कतिले ज्यान गुमाइसकेका हुन्छन् । त्यस्तै अवस्था नेपालको पनि हुनेमा कुनै शंका छैन ।**

बैशाख ३० गते हुने स्थानीय चुनाव नजिकिँदै जाँदा जिल्ला गाउँ, शहरमा उम्मेदवारहरूको चहल पहल बढेको छ । पुराना र नयाँ अनुहारहरू प्रतिस्पर्धाको मैदानमा उत्रिन लागेका छन् । जनतालाई कुनै वास्ता नगर्ने जनप्रतिनिधीहरू जनतालाई खुशहाल बनाउने वाचा गर्दैछन् मानौं देशका संचालक यिनै हुन् । शक्तिशाली सरकारको रूपमा रहेको स्थानीय निकायमा करोडौंको कारोवार हुने हुँदा एक पल्ट अवसर पाए जीवन शैली बदलिने जानेर सबै जनतालाई गुहार्न मैदानमा उत्रेका छन् ।

देशको बदतर अवस्थाप्रति कुनै चासो नराख्ने, आफ्नो फायदाका लागि पद प्राप्त गर्न लगानी गर्ने, आफ्नो स्वार्थमा डुबेका व्यक्तिहरू चुनावमा उम्मेदवार बनेका छन् । देशका लागि केही गर्ने कर्मठ, ईमानदार व्यक्तिहरू खर्चिलो चुनावमा उम्मेदवार बन्नै सक्दैन । यो व्यापारिक प्रतिष्ठानमा प्रवेश गर्न कुनै पैसावाल व्यापारी नै चाहियो । चुनाव जित्न पैसा कमाउने, पद पाउने, भ्रष्टाचार गर्ने यत्तिकै मनसायमा सीमित रहने व्यक्तिहरूबाट देश विकास गराउने केन्द्रीय सरकारको चाहना ३२ वर्षदेखि असफल हुँदै आएको प्रष्ट छ ।

आफूप्रति जनतामा वितृष्णा रहेपनि उम्मेदवार बनेर आउनेहरूको मुखमण्डलमा हार्ने चिन्ता बिल्कुलै देखिदैन । चुनाव कसरी जितिन्छ अनेकन दावपेंचमा दक्षता हासिल गरेका उम्मेदवारहरू अहिले हात जोडेर बिन्ती गर्दै जन समक्ष आउँछन् त्यसपछि अनेकन दावहरू प्रयोगमा ल्याउँछन् । यसरी निष्पक्ष चुनाव गराईएको भनेर सारा प्रक्रिया समाप्त गरि जन प्रतिनिधीहरू पदासीन हुन्छन् । पैसा खर्च गरि जितेर आएका जनप्रतिनिधीहरू लगानी खर्च उठाउन तल्लीन हुन्छन् । बितेका ५ वर्षमा स्थानीय सरकार भ्रष्टाचारमा चुर्लुम्म डुबेको लेखा परिक्षण प्रतिवेदनले प्रष्ट देखाएको छ ।

भ्रष्ट आचरण भएकाहरू जितेर पदासीन हुँदा जितेको गरेका छन् । जनप्रेमी, विकासप्रेमी, देशप्रेमी उम्मेदवारलाई जनताले जिताउँछन् । जनतामा मेरो लोकप्रियता बढि छ । मेरो अगाडि अरू कसैलाई जनता जिताउँदैन । आफू कुन प्रपञ्चबाट चुनाव जितेका छन् भन्दैनन् । यसरी म को गुणगान गर्दै भ्रष्ट जनप्रतिनिधीहरू स्थापित भएर देश र जनताको खून चुस्छन् । शासकवर्गले यसै प्रणालीलाई मान्यता दिएको छ ।

गरिब देशका विपन्न नागरिकहरू उम्मेदवारहरूको प्रलोभनमा सजिलै फँस्छन् । समस्यासँग जुधिरहेका आम नागरिक पैसाप्रति लोभिन्छन् नै । पैसावाललाई नै राम्रो मानिस ठान्छन् । पैसावालले उसको कमजोर नसमा नै चोट गर्छन् । सचेतना नभएको आम नागरिक सबैको पैसा खान्छन् । बढि मन पराएका उम्मेदवारलाई मत दिन्छन् । शासकहरूको चुनावी प्रणालीमा आम नागरिकलाई पनि भ्रष्ट बनाई दिएका छन् । उनले पनि पैसा सबैको खाने, कुनै एकलाई मत दिने मानसिकता बनाएका छन् ।

फेरि नागरिकमा वितृष्णा हुने कारण के हो ? वितृष्णा हुने कारण उनको दैनिकी समस्या हो । महँगाई, बेरोजगारी जसबाट जनता दिनहुँ जुधि रहेका छन् त्यसको निदान नपाउँदा जन आक्रोश बढेको हुन्छ । करको बढोत्तरी, पैसा बिना काम नहुने, सरकारको राहत आसेपासेमा वितरण गरिने आदि अनेक कारणबाट उनी असन्तुष्ट बनेका हुन्छन् । पहिलेभन्दा पनि समस्या थुप्रिदै गई रहेकोबाट आम नागरिकमा आक्रोश त हुन्छ तर विकल्प पनि केही नभएको अवस्थामा मतदान गर्न बाध्य बनेका हुन्छन् । जो जितेपनि जनताको कल्याण कसैले गर्दैनन् भन्ने सत्यलाई मनन गर्दै जनता यो र त्योको परिधीभन्दा बाहिर निस्कन सकि रहेका छैनन् ।

स्थानीयदेखि केन्द्रसम्मको चुनावमा लुटेर खाने मानसिकताबाहेक देश र जनताको उन्नति, प्रगति जनप्रतिनिधीको एजेण्डा बन्न सकेको छैन । मुखले विकासको जतिसुकै कुरा गरेपनि वास्तविक लक्ष्य भने स्वार्थसिद्धि नै हो । सिङ्गै प्रणालीलाई भ्रष्ट बनाएर आफ्नो स्वार्थमा उपयोग गर्ने देशका माफियातन्त्र तीन दशकपछि विस्तारै नाँगिन थालेको छ । देशको अर्थतन्त्रलाई नेस्तनाबूद गर्ने यी धमिराहरू अब पनि उजागर भएन भने देश श्रीलंकाको अवस्थामा पुग्ने निश्चित छ ।

असन्तुलित कूटनीतिक सम्बन्ध, असन्तुलित अर्थ सम्बन्ध, नीति र व्यवहारमा कुनै तालमेल नहुनु आदि कारणले देश तहस नहस अवस्थामा पुगेको विस्तारै नेपाल राष्ट्र बैंकलाई आभास हुन थालेको छ । ने.रा.बैंकले नेपालमा भारतबाट आयात हुने धेरै बस्तुमाथि प्रतिबन्ध लगाएको छ । अनावश्यक बस्तुको आयातमा रोक लगाएर वैदेशिक संचितिको फिजुल खर्चमा रोक लगाएको छ । नेपालमा वैदेशिक संचिति रकम ९ खर्ब ४० अर्ब मात्र छ जो ४ महिनाका लागि पनि वस्तु खरीद गर्न पर्याप्त छैन । अन्तिम साँस निस्कनुको पुर्व संध्यामा जब श्रीलंकाको जनता त्राहिमाम अवस्थामा पुगेको कुरा सार्वजनिक भयो, ने.रा.बैंकको यो पहल शुरू भएको हो ।

चीनको ऋणमा डुबेको श्रीलंका आर्थिक रूपले पूर्ण ध्वस्त भइसकेको छ । जनताले उपयोग गर्ने कुनै सामग्री, खाद्यान्न जनताको क्रयशक्तिभन्दा माथि गइसकेको छ । भोकमरीको चपेटमा आएको श्रीलंकाली जनता अन्तर्राष्ट्रिय राहत सहयोग पाउँदासम्म कतिले ज्यान गुमाइसकेका हुन्छन् । त्यस्तै अवस्था नेपालको पनि हुनेमा कुनै शंका छैन । अनावश्यक आयातमा पहिलेदेखि रोक लगाएको भए अर्थ व्यवस्थामा केही सुधार हुन्थ्यो । अहिले वैदेशिक संचितिको न्यून अवस्था हेरि हठात् आयातमा रोक लगाईएका कारण यसको नकारात्मक प्रतिफल सामुन्ने आउने शंका पनि छ । जे भएपनि ने.रा.बैंकले चालेको साहसिक कदम सराहनीय रहेको छ ।

असन्तुलित परराष्ट्र सम्बन्धबाट आउने संकट श्रीलंकाभन्दा नेपालको फरक अवस्था रहने छैन । हुनत भारतले श्रीलंकालाई सहयोग गर्ने आश्वासन त दिएको छ । नेपालको दयनीयतामा भारत नै अगाडि आउने पक्का छ । तर नेपाली जनतालाई बिचाराको अवस्थामा ल्याई पुऱ्याउने भ्रष्ट जन प्रतिनिधिहरूको आयातमा रोक लगाउन निर्वाचन आयोग पनि नेपाल राष्ट्र बैंक जस्तै हस्तक्षेपकारी भूमिकामा अगाडि आउन जरूरी छ । खर्चिलो चुनाव प्रणाली न देशको लागि उपयुक्त ठह-यो न जनताका लागि । यो प्रणाली माफियाहरू पाल्ने अवसरको रूपमा आयो । यसले जति देशलाई बिगा-यो पूर्ववर्ती सरकारहरूले बिगारेको छैन । प्रजातन्त्रको विकल्प प्रजातन्त्र भनेर आफ्नो विकल्प आफै भन्ने मान्यता स्थापित गराउन नै माफियातन्त्रको मूल मन्त्र हो । चुनावमा भ्रष्ट आचरणको प्रतिनिधीमा रोक लागेन भने भोकमरीमा पर्ने आज श्रीलंकाको पालो हो भने भोली नेपाल नपर्ला भन्न सकिन्न ।

janukjha24@gmail.com

# स्थानीय निर्वाचन लक्षित जनता प्रगतिशील पार्टीका निर्णयहरू

आज मिति २०७८/१२/१९का दिन यस पार्टीको केन्द्रिय कार्य समितिको बैठकबाट निम्नानुसारको निर्माण गरिएको छ :

१. स्थानीय तहको निर्वाचन दलीय आधारमा हुनु हुँदैन भनि जनता प्रगतिशील पार्टी नेपालको स्पष्ट धारण रहदै आएको छ । दलीय आधारमाा हुँदा सक्षम, क्षमतावान र इमान्दार जनप्रतिनिधीको निर्वाचनको कुट अनुभव रहेको छ । तथापि लोकतान्त्रिक मूल्य मान्यतामा विश्वास रहेकोले जनता प्रगतिशील पार्टी नेपालले आगामी स्थानीय तहको निर्वाचनमा भाग लिनेछ ।

क) यस प्रयोजनका लागि स्थानीय तहको कर्मठ, विकासकर्मी र प्रगतिशील विचार बोकेका महानुभावले आफनो व्यक्तिगत विवरण सहित पार्टीमा सम्पर्क गर्न यो बैठक अपिल गर्छ ।

ख) निर्वाचन आयोगद्वारा उम्मेदवार र दलले पालन गर्नपर्ने आचारसहिताको यस बैठकले पूर्ण समर्थन गर्दछ र आशा छ आगामी निर्वाचनमा स्वच्छ, कर्मठ र विकास प्रेमी जनप्रतिनिधीको चयन मतदाताबाट हुनेछ र निर्वाचन आयेगले आफुद्धारा जारी गरेको आचार सहिता पालन गराउन प्रयत्नशील रहनेछ ।

ग) स्थानीय तहको निरन्तर बढ्दो भयावह वेरूजू र अनियमितता आगामी निर्वाचनको मूल चुनावी एजेण्डा हुने र सोको निर्णय गर्न प्रदेश लेखा समिति सदस्यको संयोजकत्वमा जिल्ला समन्वय प्रमुख र महालेखा परिक्षकको पूतिनिधि सम्मिलित समितिको निर्माण गर्न आवश्यक रहेको बैठकको ठहर छ ।

घ) स्थानीय तहमा देखिएका भ्रष्टचार, अनियमितता र पक्षपात क्रियाकलापले स्थानीय तहलाई प्राप्त संवैधानिक दायित्व र अधिकारलाई विकृत बनाएको छ । माध्यमिक तहसम्मको शिक्षा र आधाभूत स्वास्थ्य, कृषिको उन्नतीमा यसले नकारात्मक प्रभाव पारेको तथ्य सर्वविदित नै छ ।



तसर्थ राज्यको लगानीको सदुपयोग हुन सकेको छैन । यसप्रति सबै सम्बद्ध पक्षको गम्भीर ध्यानाकर्षण हुने तथ्य प्रति बैठक गम्भीर रहेको छ ।

२. नेपालमा दुई दलीय प्रणालीको वकालत गर्ने केही स्वनामधन्य नेताहरूको अभिव्यक्तिप्रति जनता प्रगतिशील पार्टी नेपालको गम्भीर ध्यानकर्षण भएको छ । यथार्थमा नेपाली समाज विविधतायुक्त रहेको तथ्य स्वयं नेपालको संविधानले स्वीकार गरिसकेको छ । विविधताको सही प्रतिनिधित्व विद्यमान एक/दुइ पार्टीले गर्न नसकेको वारम्बार प्रमाणित तथ्य हो । यस संवैधानिक मान्यतालाई चुनौती दिने अभिव्यक्ति न त संविधान सम्मत छ, न नेपाली समाजको सही विश्लेषणमा आधारित नै छ । यो एक प्रकारको दम्भी, अवैज्ञानिक र प्रतिगामी अभिव्यक्ति हो । बैठक यस प्रकारको सतही विचार र अभिव्यक्तिको घोर भर्त्सना गर्दछ ।

३) जन्मको आधारमा नागरिकता प्राप्त गरेका सन्तानलाई संवैधानिक प्रावधान अनुसार पुर्व सरकारद्धारा जारी अध्यादेशलाई सर्वोच्च अदालतबाट रोक लगाएको निर्णयलाई पुन: सर्वोच्च अदालतद्धारा गल्ती सच्याएको निर्णयलाई कायन्वियन गर्नका लागि पुन: सो अध्यादेश जारी गर्न यो बैठक नेपाल सरकार समक्ष जोडदार माग गर्दछ । यसै कारणले लाखौं युवायुवती आफनो प्राथमिक अधिकारबाट बञ्चित भई कष्टकर जीवन बिताउनु परेको छ ।

४. निजामती कर्मचारीहरूको व्यवस्थापनका लागि आवश्यक निजामती सेवा विधेयक हालसम्म पारित हुन नसक्नु दु:खद हो । अत: कर्मचारीको हकहित, देशको आवश्यकता, जनताको सेवा प्रवाह अनुकूल हुने गरि निजामती सेवा अध्यादेश अविलम्ब जारी गर्न यो बैठक जोडदार माग गर्दछ ।

५. कैलालीका प्रतिनिधि सभा सदस्य माननीय रेशम चौधरीको अविलम्ब रिहाईको यसै बैठकले माग गर्दछ । घटनास्थलमा उपस्थित नै नरहेको व्यक्तिलाई बन्दी बनाई राख्नु सर्वथा अनुचित र पुर्वाग्रही कार्य हो ।

६. कृषिमा उत्पादकत्व वृद्धि नहुनुमा अन्य कारणमध्ये जग्गाको विखण्डीकरण पनि एक महत्त्वपूर्ण कारण हो । यस सन्दर्भमा विगतदेखि जग्गाको चकलाबन्दी गर्ने भन्ने कागजमा मात्र सीमित रहेकाले यसलाई प्रभावकारी बनाउन चकलाबन्दीलाई अभियानको रूपमा कार्यान्वयन गर्न जोडदार माग गर्दछ ।

७. पार्टीका केन्द्रीय सदस्य राम विलास दास, रौतहटलाई सह महासचिवमा नियुक्त गर्ने निर्णय गरिएको छ ।

८. केन्द्रीय कार्यसमितिको सदस्यमा श्रीमन नारायण मिश्र र राम निवास यादव कविलवस्तुलाई मनोनयन गर्ने निर्णय गरिएको छ ।

९. बैठकले पार्टीको संगठन विभाग, विदेश विभाग, अर्थ विभाग र युवा तथा विद्यार्थी विभाग गठन गर्ने निर्णय गरिएको छ ।

१०. स्थानीय तह निर्वाचन प्रयोजनका लागि उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्न पार्टीका महासचिव श्री ईश्वर दयाल मिश्रलाई अधिकार प्रदान गरिएकोमा अब उपरान्त उपरोक्त कार्यका लागि प्रदेश नं. १, मधेश प्रदेश तथा वाग्मती प्रदेशका लागि पार्टीका वरिष्ठ उपाध्यक्ष डा. शिवजी यादव र गण्डकी प्रदेश, लुम्विनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका लागि पार्टीका महासचिव ईश्वर दयाल मिश्रलाई अधिकार प्रदान गर्ने निर्णय गरिएको छ ।

*डा.भरत कुमार थापा*
*महासचिव*

# प्रधानमन्त्री देउवाको भ्रमणले राजनीतिक र कुटनीतिक सुमधुरता प्रदान गर्‍यो

नेपाल प्राकृतिक सौन्दर्यले भरिपूर्ण देश हो। भारतसँग हाम्रो भूगोल र संस्कृति दुइटै मिल्छ, राम र सीताको सम्बन्ध छ, बुद्ध र महावीरको सम्बन्ध छ, वेद-व्यासको सम्बन्ध छ, पशुपतिनाथ र काशी विश्वनाथको सम्बन्ध छ। यसले गर्दा हामीले भारतीय पर्यटकलाई धेरै आकर्षित गर्न सक्छौं।



**अशोक वैद्य**
**राष्ट्रिय अध्यक्ष**
**नेपाल-भारत सहयोग मञ्च**

**० प्रधानमन्त्री शेरबहादुर देउवाको तीनदिने भारत भ्रमण कति उपलब्धिमूलक रहयो त ?**

– यो भ्रमण साह्रै उपलब्धिमूलक रहेको छ। मुख्य कुरा नेपाल-भारत सम्बन्धमा जुन आइसब्रेस थियो त्यो हट्ने काम भएको छ। यो नै सबभन्दा ठूलो उपलब्धि हो। यस्तै, वर्षौंदेखि बन्द रहेको जनकपुर-जयनगर रेल्वे सेवा यो भ्रमणकै अवसरमा दुवै देशका प्रधानमन्त्रीले उद्घाटन गर्नुभएको छ। ऊर्जाको क्षेत्रमा पनि ठूलो सफलता नेपालले प्राप्त गरेको छ। जसअन्तर्गत नेपालले भारत र बंगलादेशमा विद्युत बेच्न सक्छ। पर्यटकीय हिसाबले हेर्दा रूपे कार्डको सुरूवाता हुने छ। जसले गर्दा भारतीय पर्यटकहरूलाई नेपालमा सजिलो हुन्छ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको हरेक क्षेत्रमा सहयोगको विकासका लागि तत्पर रहेको प्रतिबद्धतासमत जनाउनुभयो।

**० यो भ्रमणले कुटनीतिक सन्तुलनलाई ठिक ठाउँमा ल्यायो त ?**

– कुटनीतिक सम्बन्धमा मुख्यत: सीमा समस्याले अलि चिसिएको जस्तो थियो। त्यो समस्या समाधानका लागि एउटा समिति गठन भएको छ। त्यो समितिले कुटनीतिक हिसाबले सीमा समस्या समाधान गर्ने सहमति भएको छ। यो समस्याका कारण जुन आइसब्रेक थियो त्यो हटेको छ। अब ती समस्याहरू पनि समाधान भएर जान्छ। त्यो कुनै ठूलो समस्या थिएन। दुवै देशका ब्युरोक्रेट्सहरू बसेर समस्या समाधान गर्छन्।

**० प्रधानमन्त्री देउवाको यो भ्रमणबाट नेपाल-भारत सम्बन्ध झन् बलियो भएको हो ?**

– नेपाल र भारतबीचको सम्बन्ध जहिले पनि सुमधुर र अलौकिक रहँदै आएको छ। किनभने यो सम्बन्ध सरकार टु सरकार मात्रै नरहेर जनस्तरको पनि छ। विश्वमै कहीं नभएको सम्बन्ध नेपाल र भारतबीच छ। बेला-बखतमा केही समस्याहरू आइरहन्छन्, त्यो स्वाभाविक हो। राजनीतिक र कुटनीतिक रूपमा अलि विवाद देखिए पनि जनस्तरको सम्बन्धमा कहिल्यै पनि कटुता आएको छैन। तसर्थ, प्रधानमन्त्री देउवाको यो भ्रमणले निश्चय नै कुटनीतिक र राजनीतिक रूपमा पनि अझ सुमधुरता र सौहार्दता प्रदान गरेको छ।

**० भारतसँग नेपालको ब्यापार घाटा कसरी कम गर्न सकिन्छ ?**

– भारतबाट हाम्रो व्यापार घाटा धेरै ठूलो छ। त्यो व्यापार घाटा कसरी कम गर्न सकिन्छ भनेर त्यसका लागि कुटनीतिक पहलबाट वार्ता गरेर समाधान गर्न सक्छौं। हामीले भारतीय पर्यटकलाई कसरी बढावा दिन सक्छौं। पर्यटनबाट हामीले विदेशी मुद्रा आर्जन गर्न सक्छौं। त्यसको लागि विगतमा दुई देशबीच एउटा पर्यटन बोर्ड पनि गठन भएको थियो। त्यो मार्फत् हामीले फाइदा लिन सक्छौं। जति भारतीय पर्यटक यहाँ आउँछन्, हामीलाई त्यति नै फाइदा हुन्छ। भारतसँग हाम्रो संस्कृति, संस्कार, भाषा, रहन सहन मिल्छ।

**० नेपालका उद्योग ब्यापारलाई अझ फस्टाउन वा भारतीय बजारमा विस्तार गर्न तपाईंहरूको सुझाव के थियो ?**

– उद्योग व्यवसायका समस्या समाधानकालागि केही बुँदागत रूपमा हामीले राखेका छौं। त्यसका लागि पटक-पटक वार्ता गर्नुपर्छ। हाम्रो व्यापार घाटा कम गर्नका लागि नेपालमा उत्पादित वस्तुहरू भारतमा निर्यात गर्न सक्छौं। यसका लागि पटक-पटक नेपालमा नीति निर्माण हुन्छ तर कार्यान्वयन हुँदैन। नेपालमा अहिलेसम्म कुनै पनि सरकारले आफ्नो पूरा कार्यकाल टिक्न सकेको छैन। सरकार फेर्ने बित्तिकै हाम्रो नीति पनि परिवर्तन हुन्छ। नेपालमा दीर्घकालीन नीति हुनुपर्छ। सरकार कुनै पनि दलको होस् तर विदेश र उद्योग नीति एउटै तथा दीर्घकालीन हुनुपर्छ। पटक-पटक नीतिहरू परिवर्तन हुँदा त्यसले राम्ररी काम गर्न सकिँदैन।

**० भनेपछि, भारतसँग ब्यापार घाटाको एउटा कारण सरकार परिवर्तन भइरहने पनि हो ?**

– विगतको अनुभव हेर्दा कुनै पनि सरकारले पाँचवर्ष चल्न सकेको छैन। जसकारणले हाम्रो विदेश र व्यापार नीति दीर्घकालीन हुन सकेन। सरकार जसको पनि आओस् तर विदेश र व्यापार नीति परिवर्तन हुनु भएन। त्यसकारणले हाम्रा धेरै समस्याहरू आइ रहन्छन्। हाम्रो नीति स्थिर भएपछि मात्रै हामीले समृद्धि र विकासको लक्ष्यप्राप्तगर्न सक्छौं।

**० ब्यापार घाटा कम गर्न नेपाल सरकारले के-के गर्नुपर्ने हो ?**

– हामी भन्छौं कि नेपाल कृषि प्रधान देश हो तर हामी कृषि आयातमुखी देश भइसकेका छौं। हाम्रो सबभन्दा बढी खर्च कृषिजन्य वस्तुहरू आयातमा हुने गरेको छ। दोस्रोमा पेट्रोलियम पदार्थ आयातमा खर्च हुन्छ। अब चाँडै नै विद्युत्मा आत्मनिर्भर हुन्छौं। नेपाल भरि रेलसेवा विस्तार भयो भने पेट्रोलियम पदार्थ आयातमा नियन्त्रण गर्न सक्छौं। अर्को कुरा दुई देशबीचको कनेक्टिविटीमा ठूलो भूमिका रहन्छ। जति हामीले कनेक्टिविटीलाई विस्तार गर्छौं, अन्तर्राष्ट्रिय विमानस्थलहरू बनाउन सक्छौं, त्यति बढी पर्यटकहरू आउँछन् जसले गर्दा हाम्रो व्यापार घाटा कम हुनसक्छ। हाम्रो बजार व्यवस्थापनको पनि कमी देखिएको छ, हामीले प्रचार-प्रसार पनि राम्ररी गर्नुपर्छ।

**० भारतीय पर्यटकलाई नेपालमा कसरी आकर्षित गर्न सकिन्छ ?**

– नेपाल प्राकृतिक सौन्दर्यले भरिपूर्ण देश हो। भारतसँग हाम्रो भूगोल र संस्कृति दुइटै मिल्छ, राम र सीताको सम्बन्ध छ, बुद्ध र महावीरको सम्बन्ध छ, वेद-व्यासको सम्बन्ध छ, पशुपतिनाथ र काशी विश्वनाथको सम्बन्ध छ। यसले गर्दा हामीले भारतीय पर्यटकलाई धेरै आकर्षित गर्न सक्छौं। हामीले पर्यटन क्षेत्रमा लगानी गरेर धेरै फाइदा लिन सक्छौं। तर यसमा सरकारको नीति निर्धारणमा भर पर्छ। अहिलेसम्म कुनै पनि सरकारले आफ्नो पूरा कार्यकाल टिक्न नसकेको कारण पनि यस्तो समस्या देखिएको हो। दुई वर्षदेखि कोरोनाले गर्दा पर्यटक कमी भएको हो। अहिले मुद्राको अभाव देखिएको छ। हामीले ध्यान दिएनौं भने भोलि श्रीलंकाको जस्तो अवस्था आउने खतरा देखिएको छ। त्यसकारणले अहिले नै सरकार सचेत हुनुपर्छ।

**० भारतीय पर्यटक नेपाल आउँदा विभिन्न सास्तीहरू भोग्नु परिरहेको हुन्छ नि?**

– नेपालले पर्यटन क्षेत्रबाट ठूलो फाइदा लिन सक्छ तर त्यो भइरहेको छैन। यसको कारण हो कि सरकारले एउटा ठोस नीति बनाउनुपर्ने हुन्छ। यसका लागि हामीले स्माइलिङ्ग नीति ल्याउनुपर्छ। सीमा क्षेत्रमा पर्यटन बोर्डको कार्यालय राखेर उनीहरूसँग राम्रो व्यवहार गर्नुपर्छ। हामी भन्छौं कि अतिथि देवो भव:। तर हामी आफ्नो अतिथिसँग कसरी व्यवहार गर्ने, आकर्षित गर्ने भन्ने कुरा पर्यटन बोर्डले ध्यान दिनुपर्ने हो। हाम्रो मधेश क्षेत्रमा पनि धेरै पर्यटकीय स्थलहरू छन्। मधेशमा पर्सा निकुञ्ज, गढीमाई, विन्दबासिनी, जानकी मन्दिर लगायत पर्यटकीय क्षेत्रहरू छन्। त्यसकारणले हामी पर्यटकका लागि एउटा नीति ल्याउनुपर्छ। सरकार यो कुरामा गम्भीर हुनुपर्छ। वास्तवमा भारतीय पर्यटकले नेपालमा विभिन्न समस्याहरू भोग्नुपरेको हुन्छ। नेपालमा भारतीय रूपैयाँ चलाउन समस्या हुन्छ।

**० नेपाल र भारतबीच हुने उच्चस्तरीय भ्रमणहरूमा यस्ता कुराहरू किन उठ्दैन त ?**

– हामीले सरकारलाई सल्लाह र सुझाव पटक-पटक दिएका छौं। तर उच्चस्तरीय भ्रमणहरूमा कुन-कुन कुरा उठ्छ त्यो हामीलाई जानकारी हुँदैन। तर यस्ता आर्थिक लाभका विषयहरू उठाउनु पर्ने हो। सरकारले पर्यटनलाई प्राथमिकता दियो भने नेपालमा आर्थिक समृद्धिको लक्ष्य प्राप्त गर्न सजिलो हुन्थ्यो।

**० नेपाल-भारत रेलसेवा पनि सुचारू भएको छ, यसबाट कति आशा गर्न सकिन्छ ?**

– नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त रूपमा उद्घाटन गर्नुभएको रेलसेवालाई हामीले महत्वका साथ हेरेका छौं। यसले पनि पर्यटनमा ठूलो टेवा दिन्छ। यो सवारी गाडी हो, मालवाहक होइन। यो रेल सेवाले निरन्तरता पायो भने पर्यटन क्षेत्रमा ठूलो टेवा मिल्नेछ।

**० नेपाल-भारत सहयोग मञ्च के गर्दै आएको छ ?**

– नेपाल-भारत सहयोग मञ्चले दुई देशबीचको सम्बन्ध विस्तारमा आफ्नो भूमिका खेल्दै आएको छ। नेपालमा उद्योग, व्यापार फस्टाउनका लागि दुवै देशका प्रतिनिधिहरूबीच हामीले अन्तरक्रिया, गोष्ठी र सभाहरू विगतदेखि सञ्चालन गर्दै आएका छौं। हाम्रो यो संस्था गठन भएको लगभग २५ वर्ष पूरा भइसकेको छ। हामी रजत जयन्ती दिवस मनाइरहेका छौं। जुन बेला वीरगन्जमा भारतीय महावाणिज्य दूतावास खुलेको थियो त्यो भन्दा पहिले तत्कालीन राजदूत केभी राजनको पहलमा यहाँका प्रबुद्ध वर्गलाई राखेर नेपाल-भारत सहयोग मञ्चको स्थापना भएको थियो।

# नेपालले बीआरआई स्वीकार गर्‍यो भने श्रीलंका र पाकिस्तान जस्तै बर्बाद हुन्छ



**रमन पाण्डेय**
**संस्थापक**
**मधेशवादी नेता तथा हिन्दी भाषा अभियानी**

**दुनियाँमा कुनै पनि यस्तो राष्ट्र छैन जसलाई चीनले ठगेको छैन। धेरै नै टेक्निकल देशको नाम हो चीन। चीनले सित्तैमा हावा पनि दिनेवाला छैन। पाकिस्तान, श्रीलंका, अफगानिस्तानलगायतका देशहरूको अवस्था हेर्नुस्, दरिद्र मुलुक बनाइदिएको छ चीनले। एमसीसीका विरोधमा चीनले उदण्डता नै मचाएको थियो। अमेरिकाले त अनुदान सहयोग दिएको हो। यसमा एक रूपैयाँ पनि ऋण होइन।**

**० प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणलाई कसरी हेर्नु भएको छ ?**

– यो भ्रमण एउटा सद्भाव, आपसी भाइचारा, अपनत्व र रिस्तेदारीको भ्रमण थियो। यस्ता भ्रमणहरू समय-समयमा भई नै रहन्छ। अहिले पनि भ्रमण पनि आफैमा अद्वितीय र अलौकिक भ्रमण हो। हाम्रा प्रधानमन्त्री ती प्रधान सेवकको निमन्त्रणामा जानुभएको थियो, जसले विगतका दिनमा भारतका यसश्वी प्रधानमन्त्री नरेन्द्र दामोदार मोदी हाम्रो यहाँ पनि आउनुहुन्छ। विभिन्न अवसरमा उहाँको भ्रमणहरू भएको थियो, उहाँ जनकपुरधाम, काठमाडौं, मुक्तिनाथ भ्रमण गरि सक्नु भएको छ। हाम्रो भाषा, संस्कृति, रहनसहन, खानपिन, पहिरन, बोली, रिस्तेदारी एउटै रहेको छ। भन्नका लागि प्राविधिक रूपमा नेपाल र भारत दुई छुट्टाछुट्टै राष्ट्र हो। त्यसैले यो सद्भाव भ्रमण हो, यस्ता भ्रमणहरू भइरहनुपर्छ। नेपाल र भारतबीच १८५० किलोमिटर खुल्ला सीमा रहेको छ, जो कहिल्यै पनि बन्द हुन सक्दैन। दुवै तिरबाट जनस्तर, अपनत्व, रोटीबेटीको सम्बन्ध छ। दुबै राष्ट्रका प्रमुखहरूको भ्रमण बेला बखतमा हुन्छ तर दुवै देशका नागरिकको आवत-जावत त दिनहुँ भइरहेको हुन्छ। यो एउटा राजनीतिक भ्रमण मात्र नभई धार्मिक भ्रमण पनि हो। काशी विश्वनाथको दर्शन गरेर उच्च संस्कारका लागि हाम्रा प्रधानमन्त्री देउवाजी फर्किनुभएको छ। त्यसैले यो भ्रमण प्रशंसनीय हो। यो भ्रमणबाट नेपाल एउटा विकसित राष्ट्रतर्फ अग्रसरित हुने बाटोमा माइलस्टोन साबित भएको छ।

**० विगत केही दिनदेखि भारतसँग कुटनीतिक चिसोपना हटेको हो ?**

– नेपाल र भारतबीच त कहिल्यै पनि समस्या नै थिएन। नेपालमा एउटा तत्व हो जसलाई कम्युनिष्ट शक्ति भनिन्छ। त्यो कम्युनिष्ट शक्तिको कामै हो भ्रमको खेती गर्ने। कम्युनिष्टको नाममा खोलिएका जति पनि पार्टीहरू छन्, त्यसलाई हामी लाल आतंकवादी भन्छौं, उनीहरू भ्रमको खेती गर्न जान्दछन्। उनीहरू भारतलाई विस्तारवादी भन्छन् तर एकपटक पनि भन्न सकिरहेका छैनन् कि तिब्बततिर नेपालको हजारौं किलोमिटर सीमा चीनले कब्जा गरिसकेको छ। सगरमाथाको एउटा हिस्सा चीनले कब्जा गरिसक्यो। यसबारे ती कम्युनिष्टहरू एकपटक पनि बोल्दैनन्। तर जुन राष्ट्र विश्वको शक्ति बन्न गइरहेको छ, आजको समयमा अध्यात्मिक गुरू हो, जुन राष्ट्र हाम्रो पूर्वज राष्ट्र हो, जसको नाम भारत हो, त्यसलाई बदनाम गर्न भ्रम फैलाइएको छ। चीनसँग हाम्रो कुनै सम्बन्ध छैन, हाम्रो केही पनि मिल्दैन तर चिनियाँ विस्तारवादबारे एक पटक बोल्दैनन्। विस्तारवादी चीनले श्रीलंकालाई बर्बाद गर्न लागि सकेको छ। पाकिस्तानलाई पनि बर्बाद गरि सक्यो चीनले। चिनियाँ विदेशमन्त्री नेपाल आउँदा १८ घन्टा गायब भएका थिए। त्यसको खोजी कसले गर्ने ? चिनियाँ विदेशमन्त्री १८ घन्टा कहाँ गायब थिए, यसका लागि नेपाल सरकारले श्वेतपत्र जारी गर्नुपर्छ। त्यसैले, अब भ्रमको खेती धेरै भयो। नेपाल र भारतबीच रहेको जनस्तरको सम्बन्धलाई कसैले पनि तोड्न सक्दैन।

**० यो भ्रमणले जनस्तरमा पनि सुमधुरता ल्यायो त ?**

– जनस्तरको सम्बन्ध न त दिल्लीले बनाएको हो, न त काठमाडौंले। जनस्तरको सम्बन्ध युगौंयुगदेखि रहँदै आएको छ। हाम्रा पूर्वजहरू पनि स्वजनी भोज खान जानु हुन्थ्यो र उताका आफन्तहरू पनि यता आउनुहुन्थ्यो। अहिले पनि आवत-जावत भइरहेको छ। हरेक सुखदु:खमा सीमा क्षेत्रका मानिसहरू एक अर्कासँगै हुन्छन्। यो जनस्तरको सम्बन्धलाई तोड्ने नेता भारत र नेपाल कहीं पनि जन्मेका छैनन्। कसैसँग तागत छैन कि नेपाल र भारतबीचखुल्ला सीमाबन्द गरोस्। नेपाल र भारतबीचको यही सम्बन्ध हेरेर त सारा विश्व चकित छन्।

**० तर विगत दुई/तीनवर्षदेखि बेटी-रोटी अथवा बिहे-बारीको सम्बन्धमा कमी आएको देखिन्छ नि?**

– भारतले यो सम्बन्धमा कुनै अवरोध गरेको छैन। यहाँका केही खस शासकहरूको संकीर्ण मानसिकता भएका व्यक्तिहरूले यसमा अवरोध गर्ने प्रयास गरिरहेका छन्। नेपाली नागरिकले नागरिकताको आधारमा भारतीय बैंकमा खाता खोल्न पाउँछन् तर भारतीय नागरिकलाई नेपालमा त्यो सुविधा छैन। यहाँ मधेश र भारतबीच विभिन्न जालझेल र षड्यन्त्रहरू भइरहेका हुन्छन्। यहाँ शासक वर्गले मधेशीलाई नेपाली मान्न तयार हुँदैनन्, भारतीय बुझ्छन्। यो पनि सत्य हो कि हाम्रो पूर्वज राष्ट्र भारत हो। तर खस पहाडी शासकहरू आफ्नो पूर्वजलाई बिर्सिसकेका छन्। अब हामी नेपालको राजधानी परिवर्तनका लागि अभियान चलाउँछौं। नेपालको संघीय राजधानी काठमाडौं उपयुक्त होइन। यसबाट एउटा मात्र वर्गको फाइदा पुगिरहेको छ। काठमाडौं भूकम्पीय क्षेत्र हो, यसलाई पर्यटकीय क्षेत्र बनाऔं। जसरी हिन्दी भाषालाई नेपाली सरह राष्ट्र भाषा बनाउने अभियान चलाइरहेको छु त्यसरी नै म राजधानी परिवर्तनका लागि अभियान चलाउँछु।

**० चीन पनि हाम्रो छिमेकी मित्र राष्ट्र हो, चीनप्रति तपाईं जहिले पनि किन आक्रामक?**

– दुनियाँमा कुनै पनि यस्तो राष्ट्र छैन जसलाई चीनले ठगेको छैन। धेरै नै टेक्निकल देशको नाम हो चीन। चीनले सित्तैमा हावा पनि दिनेवाला छैन। पाकिस्तान, श्रीलंका, अफगानिस्तानलगायतका देशहरूको अवस्था हेर्नुस्, दरिद्र मुलुक बनाइदिएको छ चीनले। एमसीसीका विरोधमा चीनले उदण्डता नै मचाएको थियो। अमेरिकाले त अनुदान सहयोग दिएको हो। यसमा एक रूपैयाँ पनि ऋण होइन। यस्तै भारतको सयौं परियोजनाहरू नेपालमा चलिरहेको छ, त्यो पनि अनुदान सहयोग हो। हाम्रो यो अवस्था अहिले छैन कि ऋण लिएर हामी घ्यू खाने। चीनले हामीलाई बीआरआईमार्फत ऋण दिन खोजि रहेको छ। हामीले चीनको ऋण लियौं भने बर्बाद हुन्छौं। यसको ज्वलन्त उदाहरण श्रीलंका, पाकिस्तानलगायत कैयौं देशहरू छन्, जो बर्बाद भइरहेका छन्। चीनले जबरजस्ती ऋण लिनै पर्छ भनिरहेको छ। तर हामीलाई ऋणको आवश्यकता नै छैन। यसकालागि कम्युनिष्टहरूले लविङ्ग गरिरहेका छन्। चिनियाँ शक्तिद्वारा यो देशमा एमसीसी नआओस् भनेर लविङ्ग भयो। तर चीनको दादागिरी अब यहाँ चल्नेवाला छैन। चीन देश होइन, एउटा डिस्टर्बिङ्ग तत्व हो। त्यो तत्वको काम नै हो कि अन्य राष्ट्रहरूलाई दरिद्र बनाउने, गरीब बनाउने, भोकमरी ल्याउने र कम्युनिजमको विकास गर्ने। लोकतान्त्रिक आचरणको राष्ट्र नै होइन चीन।

**० भनेपछि नेपालले चीनको बीआरआई लिनु हुँदैन ?**

– बिल्कुलै लिनु हुँदैन। बीआरआईको जनस्तरबाट विरोध हुनुपर्छ। यो बीआरआई नेपालले लियो भने नेपाल पनि बर्बाद हुन बेर लाग्दैन। हामीलाई ऋणको आवश्यकता नै छैन। चीनले यदि नेपाललाई दिन नै चाहन्छ भने अनुदान सहयोग देओस्, हामी स्वागत गर्छौं। चीनले आजसम्म हामीसँग छिमेकीको व्यवहार नै गरेको छैन।

# किन बढ्यो चामल आयात ?



ललित कुमार यादव

कृत्रिम तरिकाले बालिजन्य र पशुजन्य उत्पादन गर्नु भनेको कृषि हो। यो खेत वा बारीमा अन्न रोपी त्यसलाई गोडमेल गरेर अन्न उब्जाउने काम हो। पशुपालन, बाली उत्पादन, मत्स्यपालन, र अन्य जिव-जन्तुको खेती वा पालन कृषि अन्तर्गत पर्दछन्। खेतीपाती गरेर जिविकोपार्जन गर्ने समाजलाई कृषि समाज भनिन्छ। हाम्रो नेपाली समाज पनि कृषि समाज हो। तर नेपाली समाजले कृषिबाट जिविकोपार्जन गर्न निकै सकस रहेको छ। यद्यपि नेपाली जनताको मूख्य पेशा कृषि नै रहेको छ। कृषिलाई सम्मानित पेशाको रूपमा नलिने गरेको कारण र कृषिबाट जिविकोपार्जन गर्न सहज नरहेको कारण कृषिमा नेपाली युवाहरूको आकर्षण घटदो क्रममा रहेको छ। कृषिमा युवाजमात आकर्षित हुन नसकेकै कारण युवाहरू जिविकोपार्जन गर्नकै लागि खाडी मुलुकलाई आफ्नो रोजगारिको गन्तब्यको रूपमा रोज्न बाध्य रहेका छन्। खाडीमा गएर आफ्नो पसिना बगाएर जिविकोपार्जन गर्ने धेरै नेपालीको बाध्यता रहेको छ। खाडीमा पसिना बगाएर कमाएको पैसाले नेपालमा रहेको परिवारले अयात गरिएको खाद्यान्न किनेर आफ्नो पेट भर्ने गरेका छन्।

नेपालको अर्थतन्त्रमा कृषिको प्रभुत्व रहेको छ। १९८० को आखिरी सम्म, ९० प्रतिशत भन्दा बढी जनसंख्याको जिविकोपार्जनको माध्यम कृषि नै थियो। यद्यपी जमिनको २० प्रतिशत क्षेत्र मात्र खेतीयोग्य थियो। कृषिले जीडीपी को ६० प्रतिशत र कुल निर्यातको करिब ७५ प्रतिशत हिस्सा ओगटेको थियो। पाँचौं पञ्चवर्षीय योजना (२०३२ देखि २०३७) को तर्जुमा भएदेखि नै कृषि सबैभन्दा बढी प्राथमिकतामा पर्दै आएको छ। तर कृषि क्षेत्रले खासै प्रगति गर्न सकेको छैन्। पछिल्लो समयमा आ. ब. २०७३/०७४ देखि लागु हुने गरि १० बर्ष अवधिको लागि सञ्चालनमा ल्याइएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालनमा आएको ५ बर्ष भैसकेको छ। तर कृषि क्षेत्रमा आपेक्षित प्रगति हुन सकेको छैन। कृषि विज्ञहरू नै परियोजना प्रति असन्तुष्टी ब्यक्त गर्न थालेका छन्। विश्व बैङ्कका अनुसार नेपालमा बहुसंख्यकका लागि खाना, आय र रोजगारी को मुख्य स्रोत कृषि नै हो। कुल गृहस्थ उत्पादनमा कृषिको करिब ३३ प्रतिशत योगदान रहेको छ।

बार्षिक जनसंख्या बृद्धि दर संग कृषि उतपादन र उत्पादकत्व बृद्धिको तालमेल मिल्न नसक्दा , कुनै समय कृषि उत्पादन निर्यात गर्ने इतिहास बोकेको नेपाल अहिले बार्षिक खर्बौ रकम बराबरको खाद्यसामाग्री आयात गर्नु पर्ने बाध्यतामा पुगेको छ। २०३३ सालसम्म धान चामल निर्यात कम्पनी स्थापना गरी नेपालले धान निर्यात गर्ने गरेको थियो। अहिले नेपालबाट धान निर्यात होईन, नेपालमा धान अयात हुने गरेको छ। २०३८ साल तिर धान चामल निर्यात गर्ने कम्पनी बन्द भएका थिए। २०४० को दशकबाट नेपालमा धान अयात हुने क्रम सूरू भएको बुझिन्छ।

हिमाली-पहाडी क्षेत्तमा स्थानीय उत्पादन कोदो, मकै, फापर, जौ, उवा प्रयोग हुन्थ्यो । यातायातको सुबिधा पुग्न थालेपछि तराईबाट सस्तोमा धान चामल जान थल्यो। जसका कारण पहाडी क्षेत्रमा स्थानीय उत्पादन घटन थाल्यो। अर्कातिर धान उत्पादनको मूख्य भण्डार तराईको जनसंख्यामा अत्याधिक बृद्धी भयो।जसका कारण तराईले पहाड तर्फ धान चामल पठाउन सकेन। भारतबाट अयात गर्नु पर्ने अवस्था आयो। उदाहरणका लागि ०२८ सालको जनगणनाअनुसार रूपन्देही जिल्लाको जनसंख्या २ लाख २५ हजार थियो। गुल्मी जिल्लाको जनसंख्या २ लाख ७५ हजार थियो। त्यतिबेला सडकको असुबिधाका कारण रूपन्देहीमा उत्पादित धान चामल गुल्मी जादैनथ्यो, भारत निर्यात हुन्थ्यो। यतिबेला रूपन्देहीको जनसंख्या १० लाख नाघेको छ। स्थानीय उत्पादनले रूपन्देहीलाई समेत धान्दैन। उता गुल्मीको जनसंख्या घटेर २ लाख ५० हजारमा झरेको छ। तर, घरघरमा सडक यातायात पुगेका कारण गुल्मीका जनताले चामल किनेर खान थाले, कोदोको खेति गर्नै छाडे। तराईमा पनि चामल र गँहु बराबरजस्तै प्रयोग हुन्थ्यो। तराईका निम्न मध्यमवर्गका किसानले आफु गँहुको परिकार खएर धान विक्री गरि नगद कमाउँथे।अहिले तराईमा पनि पुरै भाते संस्कृती सुरू भएको छ। नेपालले धान चामल आयातमा वार्षिक खर्बौ रूपैयाँ खर्च गर्नु पर्नाको मुख्य कारण यही हो।

नेपालमा परम्परागत रूपमा निर्वाहमुखी खेती प्रणालीको अवलम्बन गरिदै आएको छ। यसकारण उत्पादकत्वमा समय अनुसार बृद्धी हुन सकेको छैन्। कृषि उत्पादन र उत्पादकत्वमा बृद्धी हुन नसकेको कारण कृषि अहिले सम्म निर्वाहमुखी पेसाकै रूपमा सिमित रहेको छ। कृषि नाफामुलक व्यवसायको रूपमा विकास हुन नसकेकै कारण कृषिमा युवावर्ग आकर्षित हुन सकेको छैन। कृषिलाई आधुनिकीकरण नगरि नाफामुलक बनाउन सकिदैन्। कृषिलाई नाफामुलक व्यवसायको रूपमा विकास नगरी युवावर्गलाई कृषिमा आकर्षित गर्न सक्ने सम्भवना छैन्। कृषिलाई पनि आकर्षित र सम्मानित व्यवसायको रूपमा विकास गर्न सके मात्र नेपालले रोजगारी र खाद्यान्न आयात गर्ने समस्या समाधान गर्न सक्छ । यसले मात्र नेपाली नागरिकको नेपालको संविधान बमोजिम प्रदत्त नागरिकको खाद्य, खाद्य सुरक्षा तथा खद्य सम्प्रभुता सम्बन्धी मौलिक हकको सुनिश्चितता गर्न सरकारलाई सहज हुनेछ।

कृषि जिवन निर्वाहको प्रमुख आधार हो। कृषिविना मानव अहारको आपुर्ति हुन सक्दैन। जिवन जिउन कृषि उत्पादनको उपयोग नगरि सम्भव छैन। तर हामि जस्तो कृषि प्रधान देशमा पनि कृषिमा युवावर्ग आकर्षित हुन सकेको छैन। विश्वका अधिकांश मुलुकले कृषि पेसा अपनाएका छन। कतिले कृषिमा आधुनिकीकरण गरिसकेका छन् र कतिपय मुलुक आधुनिकीकरण गर्ने क्रममा रहेका छन। कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरण नगरि उत्पादकत्व बृद्धि गर्न सम्भव छैन। उत्पादकत्व बृद्धि नगरि खाद्यान्न आयात गर्ने बाध्यता टर्ने सम्भवना छैन्। नेपालमा उत्पादन हुने प्रमुख खाद्यबाली धान ,मकै, कोदो र गँहु लगायतका खाद्यान्न समेत आयात हुने गरेको छ। यसले नेपालको प्रमुख पेसा कृषिको दैनिय अवस्थाको संकेत गरेको छ।

नेपालमा अधिकांशले कृषिलाई निर्वाहमूखी पेसाको रूपमा अपनाएको पाइन्छ , र परम्परागत खेतीपाती गर्ने प्रणालि अपनाउदै आएका छन्। परम्परागत कृषिले कृषकको आवश्यकता पुर्ति गर्न सकेको छैन। कृषिबाट आफ्ना अवश्यकता पुर्ति नभएकै कारण कृषिमा आकर्षण बढन सकेको छैन ।कृषकको आवश्यकता सजिलै पुर्ति गर्न सक्ने अर्थात कृषि पेसा अपनाएर आफ्ना परिवारको सम्पुर्ण आवश्यकता पुर्ति गर्न सक्ने अवस्थामा कृषिलाई पुऱ्याउनै पर्छ। यसले मात्र कृषिमा आकर्षण बढने छ। साथै कृषि पेसा अपनाएकालाई सम्मान गर्ने र कृषिलाई सबभन्दा सम्मानित पेशाको रूपमा लिन सक्नु पर्छ। कृषिलाई एक नाफामुलक व्यवसायको रूपमा विकास गर्नै पर्ने हुन्छ ।

> कृषि पेसा अपनाएकालाई सम्मान गर्ने र कृषिलाई सबभन्दा सम्मानित पेशाको रूपमा लिन सक्नु पर्छ। कृषिलाई एक नाफामुलक व्यवसायको रूपमा विकास गर्नै पर्ने हुन्छ ।

कृषिलाई नाफामुलक व्यवसायको रूपमा विकास गर्न खेतियोग्य जमिनबाट वर्षैभरि उत्पादन लिन सक्नु पर्छ। साथै खेतियोग्य जमिनको संरक्षण र सदुपयोग गर्न त्यतिनै जरूरी छ। मौसम अनुसार खेतीपाती गर्ने त्यो पनि अकासे सिँचाईको भरमा। कृषिको यो बाध्यताको अन्त्य हुनै पर्छ। बर्षमा दुई उत्पादन लिन सक्ने धान लगायतका कृषि उत्पादन को दुई उत्पादन लिने । त्यसको लागि सिँचाई लगायतका अन्य आवश्यकताको व्यवस्थापन गर्ने। कृषि उत्पादनको उचित मूल्य तोक्ने। जसबाट कृषकको लागत उठोस र आवश्यकता पनि पुरा होस्। कही कृषि उत्पादनले बजार नपाउने तर कही त्यही उत्पादनको अभाव हुने र आयातित वस्तुले बजार पाउने अवस्थाको पनि अन्त्य हुनै पर्छ।

हामी आयातमा निर्भर रहेका छौं। यस्तोमा हामी कृषि उत्पादनमा मात्र आत्मनिर्भर हुन सकेमा पनि ठुलै उपलब्धी हुनेछ। कृषि उत्पादनमा आत्मनिर्भर हुन हामीलाई चाहिने कुन कुन उत्पादन कति कति हो त्यसको तथ्याङ्क निकाल्ने र सोही योजना अनुसार कृषकलाई खेती लगाउन सुझाउने। भात मात्र खाने होईन हाम्रो अन्य कृषि उत्पादनलाई समेत दैनिक अहारको रूपमा प्रयोगमा ल्याउने। यसरी हामी कृषिमा आत्मनिर्भर भइ सकेपश्चात निर्यातमुखी कृषिमा केन्द्रीत हुने। कृषकको आर्थिक समस्या समाधान गर्न नगदे बालीको खेती गर्न प्रोत्साहन गर्ने र कृषकको उत्पादनलाई सहज रूपमा रकममा रूपान्तरण गर्ने व्यवस्था मिलाउने। अहिलेको उँखु किसान जस्तो पिडित बनाउनु हुदैन। कृषिलाई व्यवसायको रूपमा विकास गर्ने र यसकै माध्यमले आफ्ना आवश्यकताको पुर्ति गर्ने बाटोमा हिडनु पर्छ। कृषिको लागि चाहिने मल र बिउ बिजनको उत्पादन आफैले गर्ने । यसले चाहिने बेलामा सँधै मलको अभाव हुने समस्याको पनि अन्तय हुन्छ। कृषिलाई व्यवसायको रूपमा विकास गर्न सकेमा कृषि उत्पादन समेत आयात गर्नु पर्ने बाध्यताको अन्तय सँगै धेरै हदसम्म रोजगारीको समस्याको पनि समाधान हुनेछ। साथै मुलुकको समृद्धिको यात्राको थालनी पनि यँहीबाट हुन सक्नेछ।

नेपाल एक कृषिप्रधान सेस हो। लगभग ६६ प्रतिशत नेपालीले जिविकोपार्जन गर्न कृषि पेशा अपनाएका छन्। उनीहरू कृषिमै आश्रित समेत रहेका छन्। पचास प्रतिशत भन्दा बढी जनसंख्या कृषिमा आश्रित रहेका कारण कृषि उत्पादन र उतपादकत्वा बृद्धी र बजारीकरण नगरी नेपालले समृद्धीको यात्रा तय गर्न सक्दैन। यस तर्फ नेपाल सरकारले काम गर्न अत्यन्त जरूरी छ। मोटामोटी रूपमा भन्नु पर्दा कृषिको विकास बिना नेपालको विकास सम्भव छैन्। केषिकै माध्यमले मुलुकलाई समृद्ध बनाउने सपना सकार गर्न सकिने कुरा सरकारले बुझ्न जरूरी छ। सरकारले बुझेर जनतालाई बुझाउने र यस तर्फ दृढ संकल्पका साथ यस तर्फ काम काम अगाडी बढाउनु पर्छ। आफ्नो खेतबारी बाँझो राखेर अर्काको मुलुकमा पसिना बगाएर भित्र्याएको रेमिटान्सले मुलुक कहिले पनि समृद्ध हुन सक्दैन।

नेपाल सरकारले कृषिबषट मुलुकको विकास गर्नैको लागि कृषि तथा पशु विकास मन्त्रालयको स्थापना गरेको छ।रालनीतिक दलले पनि भाषण र घोषणामा कृषि मार्फत नै मुलुकलाई समृद्ध बनाउने बताउदै आएका छन्। तर कृषि र किसान कुनै पनि पार्टिको रोजाई र प्राथमिकतामा पर्दैन्। कृषि मन्त्रालय समेत दलहरू र नेताहरूको रोजाईमा पर्दैनन्। मन्त्रालयसँग प्राविधिक जनशक्ति र बजेट छ। तर सफलता हासिल गर्न सकेको छैन्। अहिलेसम्म किसानले समयमै मल पाउने वातावरण बनाउन सकेको छैन, मन्त्रालयले। मलको लागि किसानले भोग्नु परेको दु:ख देख्दा, कृषि देशको प्राथमिकतामा नै नपरेको देखिन्छ। साथै यो देशमा कृषि मन्त्रालय किन स्थापना गरिएको होला? सरकारसँग सोध्न मन लाग्छ।

कृषि मार्फत मुलुकको विकास गर्न युवा वर्गलाई कृषिमा आकर्षित गर्ने। कृषिलाई सम्मानित र व्यवसायिक पेशाको रूपमा विकास गर्ने। कृषि आधुनिकिकरण र औजारीकरण गर्ने । जमिन बाँझो राख्नु पर्ने अवस्थाको अन्त्य गर्ने। नेपालको हावापानी र माटो सुहाउदो बाली लगाउन कृषकलाई सुझाउने र त्यस सम्बन्धमा तालिम दिने। सिँचाईको व्वस्था गरिदिने। कृषकको उत्पादनले लगानि अनुसारको मूल्य र बजार पाउने ब्यबस्था मिलाई दिने।कृषि अनुदान कृषककै हातमा पुग्ने व्यवस्था मिलाउने। मोटामोटी रूपमा भन्दा कृषिबाट उत्पादित उतपादन उपयोग गर्ने हामिले किसानलाई सम्मान गर्न र कृषि कर्म गर्न लाज मान्नु हुदैन् र सरकारले कृषिबाटै किसानले खुसी खुसी सुखी जिवन जिउने वातावरण बनाई दिनु पर्छ। कृषिलाई हाम्रो बाध्यता मात्र होईन, हाम्रो र मुलुकको आवश्यकता र समृद्धीको आधारको रूपमा लिन जरूरी छ। सोही अनुसार सरकारले आफ्नो प्राथमिकतामा कृषिलाई राख्ने र जनताले पनि कृषिलाई व्यवसायिक पेशाको रूपमा अपनाउने।

lkskeshariaaryan@gmail=com


नेपाल सरकार

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ज्ञानेश्वर

विद्यालय भवनहरू पुनर्निर्माण सम्बन्धी सरोकारवालाहरूलाई अनुरोध।

१. विद्यालय भवनहरू पुन: निर्माण गर्दा अनिवार्य रूपमा नेपाल राष्ट्रिय भवन संहिता, २०६० (Nepal National Building Code, 2003) को पूर्ण पालना गरौं ।
२. भूकम्प प्रतिरोधी, बालमैत्री, वातावरण मैत्री, अपाङ्ग मैत्री एवम् छात्रामैत्री विद्यालय निर्माण गरौं ।
३. प्राकृतिक प्रकोपका कारण भविष्यमा हुनसक्ने जनधनको ठूलो क्षति न्यूनीकरणमा गुणस्तरीय निर्माण कार्य गर्न बेलैमा सजग बनौं ।
४. विद्यालय भवन निर्माण गर्दा स्वीकृत प्राप्त डिजाइन प्रयोग गरौं । यदि नयाँ डिजाइनको विद्यालय भवन निर्माण गर्नुपर्ने भएमा सम्बन्धित शहरी विकास तथा भवन निर्माण विभाग/डिभिजन कार्यालयको अन्तिम दाताहरूबाट स्विकृति लिएर मात्र निर्माण सुरू गरौं ।
५. विद्यालय भवन निर्माण गर्दा यस इकाई/जि.शि.का. अन्तर्गत कार्यरत गुणस्तरीय नियमित सुपरीवेक्षणमा प्राविधिक (इन्जिनियर/सब-इन्जिनियर)हरूको नियमित सुपरिवेक्षणम निर्माण आवश्यक समन्वय कार्य गरी गर्ने गराउने गरौं ।
६. निर्माण कार्य सम्पन्न भएपश्चात् प्राविधिकबाट तोकिएको डिजाइन/ड्इङ अनुसार निर्माण कार्य भए नभएको निरीक्षण गरी/गराई तोकिएको गुणस्तर सुनिश्चित भएपश्चात् विद्यालय हस्तान्तरण गर्ने/गराउने गरौं ।

आयोजना निर्देशक


## मधेश अपडेट

### 'रेल सञ्चालनले सम्बन्धमा नयाँ आयाम थपियो'

जनकपुरधाम । भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु यादवले रेल सञ्चालनपछि नेपाल र भारतबीचको सम्बन्धमा नयाँ आयाम थपिएको बताएकी छन् । नेपाली रेल उद्‌घाटनको अवसरमा जनकपुरधाम रेल्वे स्टेशनमा शनिबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले नेपाली जनताको रेल चढ्ने सपना पूरा भएको बताइन् । मन्त्री यादवले भनिन्, 'रामसीताको सम्बन्ध जोडिएको नेपाल र भारतमा रेल संचालन भएपछि दुबै देशको सम्बन्धमा एउटा आयाम थप भएको छ ।' मन्त्री यादवले बिजलपुरासम्मको ट्र्याक निर्माण भइसकेको र हस्तान्तरण हुनेवित्तिकै त्यहाँसम्म पनि रेल चल्ने बताइन् । उनले बर्दिवासदेखि निजगढसम्मको ७० किलोमिटर रेल्वे ट्र्याकको तयारी भइरहेको बताउँदै रक्सौलदेखि सिमरा र सिमरादेखि काठमाडौंको यात्रा पनि रेलबाट हुने बताइन् ।

### 'चुरे दोहन गर्नेमाथि कारवाही भएन'

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले कार्यान्वयन गर्ने निकाय हुँदाहुँदै पनि दैनिक चुरे दोहन भइरहेको बताएका छन् । चुरे दोहन गर्नेमाथि कार्वाही नगरिएको उनको भनाई छ । जनकपुरधाममा शुक्रबार भएको एक कार्यक्रममा बोल्दै मुख्यमन्त्री राउतले चुरे दोहनमा प्रयोग हुँदै आएका स्काभेटर, टिपरसहितका उपकरण नियन्त्रणमा लिनुपर्नेमा नलिइएको बताए । बालुवा, गिट्टी निकासीमा सरकारले रोक लगाए पनि मधेश प्रदेशमा बिना रोकटोक निकासी भइरहको उनले बताए । उनले भने, 'चुरे दोहन रोक्न सरकारले नीति नियम बनाउने हो' उनले भने, 'तर, कार्यान्वयन गर्ने निकाय नै इमान्दार भएन ।' बालुवा, गिट्टी बेचेर मुलुक समृद्ध हुन नसक्ने बताउँदै उनले तत्काल यो कार्य रोक्नुपर्नेमा जोड् दिए । चुरे दोहन भइरहँदा जलवायु परिवर्तनको प्रभाव देखिनु स्वभाविक रहेको भन्दै उनले चुरे दोहन, वन फडानी, बालुवा गिट्टी उत्खनन् कार्य तत्काल बन्द गराउन सुरक्षा निकाय थप सशक्त रूपमा लाग्नुपर्ने बताए । मुख्यमन्त्री राउतले नीति निर्माण तहमा अझै महिलाको प्रतिनिधित्व हुन नसकेको बताउँदै शिक्षा, आर्थिक र राजनीतिमा महिलाको प्रतिनिधित्व नभएसम्म समस्या रहिरहने बताए । पितृसत्तात्मक समाजले गर्दा महिला विभेदमा परेको स्वीकार्दै उनले छोरालाई घुम्ने, खेल्ने छुट दिएपनि छोरीलाई अझै दायरामा राखिएको बताए ।

### चुनावी तालमेलको मोडालिटीबारे छलफल भइरहेको छ : नेपाल

धनगढी । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले स्थानीय तहको चुनावी तालमेलको मोडालिटीबारे दलहरूबीच छलफल भइरहेको बताएका छन् । समाजवादी प्रेस सङ्गठन कैलालीद्वारा धनगढीमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष नेपालले सत्ता गठबन्धन दलहरूबीच चुनावी तालमेल गर्ने सहमतिपछि जनता उत्साहित भएको बताएका छन् । देशभर नेकपा एकीकृत समाजवादीमा प्रवेश गर्ने लहर चलेको उल्लेख गर्दै अध्यक्ष नेपालले पार्टीका सम्पूर्ण गतिविधि स्थानीय तह निर्वाचन केन्द्रित गरेको बताए । साथै, उनले सुदूरपश्चिम प्रदेशसभामा नेकपा एकीकृत समाजवादी सबैभन्दा ठूलो दल रहेकाले मुख्यमन्त्रीमा दाबी गर्नु स्वाभाविक भएको बताए ।

### प्रभु साह जेलमा बस्नु पर्ने व्यक्ति हो : खरेल

प्रेमचन्द्र झा, रौतहटत । नेपाल सुशासन पार्टीका केन्द्रीय अध्यक्ष रमेश खरेलले देशमा सुशासन नरहेको ठोकुवा गर्नु भएको छ । रौतहटको मौलापुरमा सुशासन पार्टी जिल्ला समितिद्वारा आयोजित सभालाई सोमबार प्रमुख अतिथिको आसनबाट सभालाई सम्बोधन गर्दै अध्यक्ष खरेलले भने, 'म तत्कालिन अनुसन्धान अधिकृतको हैसियतबाट बोल्दैछु यदि साच्चिकै देशमा सुशासन भएको भए प्रभु साह जेलमा बस्नु पर्ने व्यक्ति हो ।' हिन्दु संघ वीरगंजको अध्यक्ष काशीनाथ तिवारी हत्याकाण्डमा प्रभु साहको संलग्नता रहेको दोहर्याउदै उनले हत्यारा भ्रष्टाचारीलाई सजाय दिलाउन तथा देशमा सुशासन कायम गराउन नेपाल सुशासन पार्टी स्थापना भएको दाबी गरेका छन् । पूर्वगाविस उपाध्यक्ष सत्यनारायण पटेलको अध्यक्षतामा भएको सभामा पार्टीका केन्द्रीय वरिष्ठ उपाध्यक्ष राजकुमार यादव, केन्द्रीय सदस्य सविता झा, केन्द्रीय सदस्य तथा मौलापुर नगरपालिका मेयर प्रत्यासी आर सि यादव ,जिल्ला अध्यक्ष रञ्जित कुमार पटेल सहितका वक्ताले मौलापुर नगरपालिकामा भएको भ्रष्टाचारको छानबिन गरि कडा कार्वाही गर्न सम्बन्धित निकायसँग जोडदार रूपमा माग गरे । सो अवसर बिभिन्न पार्टी परित्याग गरि सुशासन पार्टी प्रवेश गर्नेलाई केन्द्रीय अध्यक्ष खरेलले फुलको माला र टिका लगाई पार्टी प्रवेश गराएका थिए ।

### लुम्बिनीमा कांग्रेसले बनायो वार्ता समिति

रूपन्देही । नेपाली कांग्रेस लुम्बिनी प्रदेशले प्रदेशभर चुनावी गठबन्धन बनाउन सभापति अमरसिंह पुनको संयोजकत्वमा वार्ता समिति गठन गरेको छ । कांग्रेसको बुटवलमा सम्पन्न प्रदेश समितिको बैठकले सत्तारूढ दलहरूसँग जिल्लास्तरमा भइरहेको वार्तालाई सघाउँदै गठबन्धन थप बलियो बनाउनका लागि सभापति पुनको संयोजकत्वमा वार्ता समिति बनाएको हो । समितिको सदस्यमा भरत कुमार शाह, भुवन प्रसाद श्रेष्ठ, राजु खनाल, प्रकाश राना छन् । बैठकले प्रदेश कार्यसमितिका प्रवक्ता प्रचण्ड बिक्रम न्यौपानेको संयोजकत्वमा एक हजार १०१ जनाको प्रचार प्रसार समिति गठन गर्ने निर्णय गरेको छ । माधव खरेलको संयोजकत्वमा यस्तै अनुशासन समिति गठन गरेको छ । जसमा महेन्द्र पाण्डे, प्रेमलता भट्ट र कृष्ण प्रसाद अधिकारी सदस्य रहेका छन् । यस्तै महामन्त्री विक्रम खनालको संयोजकत्वमा ५ सदस्यीय घोषणा पत्र लेखन समिति गठन गरेको सभापति पुनले जानकारी दिए । यो समितिको सदस्यहरूको मनोनयन विभिन्न विज्ञता हासिल गरेको व्यक्तित्वहरूलाई संयोजकबाट मनोनित गर्ने कांग्रेसले जनाएको छ ।

### एक दिवसीय नेतृत्व विकास तालिम सम्पन्न

कपिलवस्तु । कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा कपिलवस्तु नगरपालिका वडा नं.१ को आर्थिक सहयोग र निरा गृहिणी समाजको आयोजनामा कार्यक्रम सम्पन्न भएको छ। वडाको निति तथा कार्यक्रम अन्तर्गतको राखिएको कार्यक्रमलाई यस छेत्रमा बसोवास गर्ने र विभिन्न आमा समुहमा आबद्ध हुनुभएका पदाधिकारीहरूलाई एक दिवसीय नेतृत्व विकास Leadership Development तालिम प्रदान गरिएको थियो । कार्यक्रमको समुद्घाटन गर्दै वडा सदस्य बिस्नु बारी संस्थाको संस्थागत विकास तथा महिला उध्यमीहरूको व्यक्तित्व तथा नेतृत्व विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो । तालिममा सहभागी पदाधिकारीहरूलाई स्वागत गर्दै संचालक समितिकी सदस्य सुशिला क्षेत्रीले तालिम एउटा सिकाईको अवसर हो यस्तो सिकाईलाई सार्थक बनाउन यसको निरन्तरता र प्रयोग बाट मात्र सक्षम नेतृत्व विकास हुने बताउनु भयो । संस्थाले विभिन्न आमा समुहका ६५ जना पदाधिकारीहरूलाई तालिममा सहभागी गराएको थियो । तालिमको सहजिकरण भाषण कला तालिम केन्द्र काठमाडौका प्रमुख प्रशिक्षक भागिरथ पोखरेलले गर्नु भएको थियो र साथै सम्मान समेत गरिएको थियो । तालिम पश्चात सहभागिहरूले तामिको विषयवस्तु, तालिम सहजिकरण गर्ने तरिका र तालिम व्यवस्थापन उत्कृष्ट रहेको प्रतिकृया व्यक्त गर्दै सिकाईलाई प्रभावकारी कार्यन्वयन गर्ने सहभागिहरूले प्रतिबद्‌ता जनाउनु भएको थियो। कार्यक्रमको अध्यक्षता निरा गृहिणी समाजकी अध्यक्ष निरा तिमिल्सिनाले गर्नु भएका थिए ।

## रेलसेवा उद्‌घाटन

काठमाडौं । नेपाल र भारतका प्रधानमन्त्रीले जयनगर-जनकपुर-कुर्थासम्म चल्ने रेलसेवाको उद्घाटन गरेका छन् । भारतको राजधानी नयाँदिल्लीस्थित हैदरावाद हाउसबाट नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भर्चुअल माध्यमले हरियो झण्डा देखाए लगत्तै रेल भारतको जयनगरबाट गुडेको थियो । भारतको जयनगरबाट नेपाली समय अनुसार १ बजेतिर खुलेको रेल दिउँसो ३ बजेतिर जनकपुरधाम रेल्वे स्टेशन आइपुगेको थियो । दैनिक दुई पटक जयनगरदेखि कुर्थासम्म रेल संचालन हुने रेल्वे विभागका महाप्रबन्धक निरन्जन झाले जानकारी दिए ।

# तराई–मधेश लोकतान्त्रिक पार्टीको घोषणापत्र

**१. प्रारम्भः**

नेपालका जनता स्वतन्त्रता, समानता, लोकतान्त्रिक अधिकार, पहिचानको सम्मान र संघीय स्वशासनका निमित्त निरन्तर संघर्षरत छन् । विभिन्न कालखण्डमा यी संघर्षहरू तत्कालिन परिस्थिति र आवश्यक परिवर्तनको आवश्यकतामा संकेन्द्रित रह्यो । लामो र अनवरत संघर्षको परिणाम अपेक्षित नभएपनि क्रमिक रूपमा उपलब्धिको प्राप्ति हुँदै गएको यथार्थ हो । २००७ सालको क्रान्तिले नेपालमा जहाँनिया राणा शासनको अन्त्य र संवैधानिक राजतन्त्र सहित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको थालनी गर्दै देशको संविधान सार्वभौम जनताका निर्वाचित प्रतिनिधिहरूले निर्माण गर्ने मान्यतालाई पहिलो पटक स्थापित गर्यो । जनता विरूध्द प्रतिक्रान्तिवादी षडयन्त्रहरूका कारण क्रान्तिको यो उपलब्धि सुरक्षित रहन नसके पनि सार्वभौम जनताको सर्वोच्चताको स्थापना-प्रयासको त्यो उठान ऐतिहासिक नै हो । २००७ सालको क्रान्तिपछि नेपालमा विकसित हुँदै गएको प्रजातान्त्रिक वातावरण प्रतिक्रियावादी सामन्तशाहीहरूको निमित्त कदापि पच्य थिएन । भित्रभित्रै षडयन्त्र हुन थाल्यो । परिणामस्वरूप २०१७ सालमा राजशाहीको नेतृत्वमा प्रतिक्रान्तिवादीहरू बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको अन्त्य गरे र नेपालमा निर्दलीय पंचायती व्यवस्थाको नाममा जनतामाथि निरंकुश राजतन्त्र लादियो । तर लोकतान्त्रिक अधिकारको निमित्त नेपालको जनताको संघर्ष पनि त्यतिखेरबाटै प्रारम्भ भयो र अन्ततः २०४६ सालमा जनताको संघर्ष संयुक्त जनआन्दोलनको रूपमा विकसित हुँदै निरंकुश राजतन्त्रीय निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी पुनः संवैधानिक राजतन्त्र सहित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्न सफल भयो । यी संघर्षहरू, सम्झौतामा टुङ्गिएकाले नेपालमा पूर्ण लोकतन्त्र र राज्यका अंगहरूमा समावेशिताको चरित्रको संस्थापना हुन सकेको थिएन । राज्यको चरित्रमा आमूल परिवर्तन नहुन्जेल यस्तो संस्थापन असम्भव थियो । यता प्रतिक्रान्तिवादीहरू सुसुप्त देखिए पनि शक्ति-संचयमा लागिरहे । परिणामस्वरूप फेरि प्रतिगमन भयो र जनता पूर्ण लोकतन्त्र प्राप्तिको निमित्त प्रतिगमन विरूध्द सडकमा उत्रिन फेरि बाध्य भए । २०६२/६३ मा प्रतिगमन विरूध्द सबै परिवर्तनकामी शक्ति एकत्रित भएर उठेको संयुक्त जनआन्दोलनले प्रतिगमनलाई पराजित गरी जनताको सर्वोच्चता स्थापित गर्दै जनताद्वारा निर्वाचित संविधानसभा मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने प्रतिवध्दता सहितको ऐतिहासिक परिवर्तन गरी छाड्यो । यस परिवर्तनको स्पष्ट अर्थ थियो- समानुपातिक समावेशी प्रतिनिधित्वयुक्त पूर्ण लोकतन्त्र, पहिचानको सम्मान र विविधतापूर्ण राष्ट्रिय भावनाको निर्माण, संघीय संरचना मार्फत आफ्नो क्षेत्रमा स्वशासन र संघमा सह-शासन । आन्दोलनकारी राजनीतिक शक्तिहरू अन्तरिम संविधान २०६३ बाट राज्यको चरित्रमा वाञ्छित परिवर्तनको संवैधानिक प्रत्याभूति हुने घोषित गरे । यथास्थितिवादीहरू यस महान परिवर्तनले छटपटिए । राज्यका संयन्त्रहरूमा पकड बनाइराखेका यी यथास्थितिवादीहरू परिवर्तनका सबै स्वरूपहरूमा यथासम्भव यथास्थिति नै बनाई राख्न भित्रभित्रै षडयन्त्रको खेल खेल्न थाले । जनआन्दोलनकारी शक्तिहरू विस्तार यथास्थितिवादी शक्तिहरूको षड्यन्त्रको प्रभावमा पर्यो । सहमतिको राजनीतिको अर्थ सत्ताको भाग-बण्डामा अनुदित हुन पुग्यो र सत्ता मोहका कारण जनआन्दोलनका नेताहरूमा आफैले उठाएका एजेण्डाहरू बिसाउने प्रवृतिले घर गर्यो । देशको हालको राजनैतिक अवस्था यसैको परिणाम हो।

सदियौंदेखि सिमान्तिकरण र विभेदमा बाँच्न बाध्य मधेशी, आदिवासी-जनजाति, शिल्पी (दलित), महिला, मुस्लिम, थारू, पिछडावर्ग लगायतका सिमान्तिकरणमा परेका समुदायहरूलाई परिवर्तनको उपलब्धिको संस्थापन प्रक्रियामा आएको यो विचलन स्वाभाविक रूपले असह्य भयो । मधेशमा जनविद्रोह भयो र परिवर्तनको उपलब्धिको रक्षा गर्न 'गर या मर' को संघर्ष आगाडि बढ्यो । मधेशी, आदिवासी-जनजाति, शिल्पी (दलित), महिला, मुस्लिम, थारू, पिछडावर्ग लगायतका सिमान्तिकरणमा परेका सबै समुदायहरूको एकजुटताले राज्यको चरित्रमा वाञ्छित परिवर्तनको निमित्तको यो संघर्ष निरन्तर जारी छ । यस संघर्षमा हामीले देशका कैयौं सपूत गुमाइसकेका छौं, सैयौं अपांग भएका छन् तर प्रातः स्मरणीय शहीदहरूले प्रदान गरेको उर्जा दिनानुदिन आन्दोलनको प्रतिवध्दतालाई अटलता प्रदान गर्दै आएको छ । देशमा संघीय संरचना लागू भएको छ । परिवर्तनका केही अंशको संस्थापन आगाडि पनि बढेको छ, तर पूर्णताको लक्ष्य अझै टाढा छ । पूर्णताको निमित्त आन्दोलनको निरन्तरता अपरिहार्य छ । यसै वास्तविकतालाई हृदयङ्गम गरेर विभिन्न आरोह/अवरोहका क्रम छिछोल्दै आन्दोलनकारीहरू निरन्तर आन्दोलनरत छन् । तर जनताको चाहना बमोजिम नेतृत्व र राजनीतिक दलहरूको आचरण हुन सकिरहेको छैन । आन्दोलनको मजबूती र परिणामदायी अवस्थाको निमित्त संघीयता, पहिचान, समावेशिता, सबै किसिमका विभेदको उन्मूलन जस्ता नेपालको जनताको साझा लक्ष्य र दृष्टिकोण राखी परिवर्तनका उपलब्धिहरूको संस्थापनको निमित्त आगाडि बढनेहरूको संगठित ताकतको विकल्प नभएकोले तराई-मधेश लोकतान्त्रिक पार्टीको झण्डा मुनि यस आन्दोलनमा होमिएका जनताको प्रतिनिधित्व गर्दै प्रस्तुत भएका छौं । यस महत्वपूर्ण घडीमा नेपालको जनताको करीब ८ दशक लामो सबै सङ्घर्षमा असीम त्याग र बलिदानीपूर्ण सङ्घर्ष गरेका अमर शहीदहरू र उनका परिवार, वीर योद्धाहरू, घाइते आन्दोलनकारीहरू, सबैलाई उच्च सम्मानका साथ सलाम गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक र क्षेत्रीय विविधतायुक्त मुलुक हो । जाति, भाषा, धर्म र संस्कृतिको दृष्टिले मात्र होइन भौगोलिक दृष्टिले हिमाल, पहाड र तराईमधेशमा त्यहाँको हावापानी, रहनसहन, भेषभूषा, भाषा संस्कृति, अर्थव्यवस्था, सामाजिक संरचना र मनोविज्ञान समेत फरक-फरक रहेको छ । यी सबै हाम्रो विविधतापूर्ण राष्ट्रियता रूपी मालाका फुलहरू हुन् । यस तथ्यलाई सबैले स्वीकार गरे पनि राज्यको संरचना र सत्तामा विविधताको सम्मानित सम्वोधन हुन दिइएको छैन । त्यसैले, अहिले नेपालमा वर्गीय, राष्ट्रिय, जातीय, भाषिक, लैङ्गिक र जातपातजन्य विभेदहरू रहेका छन् । मधेशी समुदाय, आदिवासीजनजाति, शिल्पी (दलित), मुस्लिम, थारू, पिछडा वर्ग, अल्पसङ्ख्यक समुदायहरू सदियौंदेखि राज्यसत्ता र शासक वर्गद्वारा राजनीतिक, आर्थिक र सामाजिक बहिष्करणमा पारिएका छन् । मधेशी, मुस्लिम, थारू, पिछडा वर्ग, आदिवासी-जनजाति शिल्पी (दलित), अल्पसङ्ख्यक उत्पीडित समुदायहरूको जल, जमीन र जङगलमाथिको अधिकार खोसिएका छन् । राज्य नै विभेदको वाहक बनिरहेसम्म समाधान सहज हुन सक्दैन । त्यसैले, यस्ता सबैखाले विभेदहरू अन्त्य र समानता प्राप्तिको निमित्त आवश्यकता अनुसार सकारात्मक विभेदको उपयोग, पहिचान आधारित अधिकारसहितको सङ्घीयता, राज्यका सबै अङ्गहरूमा जातीय र सामुदायिक जनसङ्ख्याको आधारमा समानुपातिक समावेशीकरण तराई-मधेश लोकतान्त्रिक पार्टीको नेपाली समाजको वहुलताको सम्मान र विभेदबाट मुक्ति निमित्तको दृष्टिकोण हुनेछ।

**२. उद्देश्यः**

(१) राजनीतिक, आर्थिक, सामाजिक, भाषिक, सांस्कृतिक, लैंगिक, क्षेत्रीय, जातिय वा जातगत, भौगोलिक क्षेत्रगत, सामुदायिक लगायत सबै प्रकारका भेदभाव र शोषणको अन्त्य गरी नागरिक-नागरिक बीच समानता, पहिचानको सम्मान तथा समानुपातिक समावेशी सिद्धान्तमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संस्थापन (institutionalisation) गर्ने ।

(२) पहिचान, समानता, समावेशिता र लोकतान्त्रिक समाजवादको आदर्श, सिध्दान्त तथा नीतिको अवलम्वन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघीय राज्य संरचनालाई लोककल्याणकारी राज्य चरित्र अनुकूल रूपान्तरण गर्ने ।

(३) पहिचान सहितको स्वशासनको अधिकारको प्राप्तिको लागि वर्तमान संघीय संरचनामा अनुकूल परिवर्तनको आकांक्षाको सम्वोधन गर्दै देशका सबै क्षेत्रका जनताको सम्मानमा अभिवृध्दि र समानताको आत्मानुभूतिले देशको मूलधारमा समाहित हुने अवस्था सृजित गरी विविधताको संयोजनबाट अन्तरविरोध रहित विविधतापूर्ण राष्ट्रियता निमित्तको संघर्षपूर्ण अभियानलाई निरन्तरता दिने।

(४) धार्मिक स्वतन्त्रता, सहिष्णुता र सद्भावको आदर्श स्वरूप स्थापित गर्दै जनता जनताबीचको ऐक्यबद्धता कायम गर्ने ।

(५) लोकतन्त्रको असल अभ्यास, विधिको शासन तथा पारदर्शिताको लागि जनतालाई सुसूचित गर्दै लोकचेतनाको अभिवृद्धि गरी जनसहभागिता बढाउने ।

**३. अवधारणाः**

**१. नेपाल एक बहुजातिय देश :**

जातियता अर्थात् राष्ट्र भनेको त्यो जनसमूह हो जसको आफ्नै इतिहास, भाषा, संस्कृति, रिति, परम्परा र भूगोल हुन्छ । नेपालमा मधेशी, थारू नेवार, शेर्पा, किरात, लिम्बु, ताम्सालिंग, तमु मगर, खस आदि विभिन्न राष्ट्रहरू (लबतष्यलक) हुन् । त्यसैले नेपाल बहुराष्ट्रिय देश हो । तराई-मधेशको भूगोल प्रकृतिले नै छुट्याइदिएको छ र यसको आफ्नै गौरवशाली इतिहास छ । भाषा, संस्कृति, रितिरिवाज र सामाजिक परम्पराको विशिष्टताका साथै आफ्ने समरूप सामाजिक-आर्थिक जीवनशैली छ । जबसम्म यी सबै जातियता अर्थात् राष्ट्रहरूको पहिचानको सम्मान हुने गरी संघीय संरचनामा सुधार हुँदैन, तबसम्म नेपालको 'राज्य' को तरमारा जातीय चरित्र र त्यसले जारी विभेदको अन्त्य हुन सक्दैन । यी जातियता अर्थात् राष्ट्रहरूको पहिचानको यथोचित सम्मानले निर्मित संघले नै सर्वस्वीकार्य एवं सबै मिलेर बनेको सबैको अपनत्व भएको नव समरसीय देशको निर्माण गर्न सक्दछ । त्यसैले तराई-मधेश लोकतान्त्रिक पार्टी आफ्नो संघर्षको पध संघर्ष समानता र सम्मानको मधेसीको पहिचानको निर्धारित गरेको छ ।

**२. दस प्रदेशीय राज्य पुनः संरचनाः**

राज्यको पुनःसंरचनाको सन्दर्भमा प्रादेशिक सीमांकन अहिलेको द्वन्द्वको सबभन्दा शीर्ष मुद्दा हो । नेपालको अन्तरिम संविधान २०६३ को धारा १३८ को (२) बमोजिम गठित राज्य पुनः संरचना सुझाव उच्चस्तरीय आयोगद्वारा प्रस्तुत १० प्रदेशीय अवधारणा वर्तमान परिपेक्ष्यमा देशभरिका पहिचानवादी मधेशी, थारू, आदिवासी-जनजातिहरूको साझा सहमतिको दस्तावेज हो । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा सहित २९ दलीय संघीय गठबन्धनले एकै दिन एकै समयमा देशभरिका जिल्ला प्रशासन कार्यालय मार्फत राज्यसमक्ष प्रस्तुत गरेको आफ्नो २६ सूत्रीय मांगमा यसै दस्तावेजलाई प्रादेशिक सीमांकनको आधार किटान गरेका छन् । सीमांकन सम्बन्धी जटिल विवादको समाधानको यो सबभन्दा ठूलो सहमतीय स्वरूप हो । समान समस्याले घेरिएका र भावनात्मक, सांस्कृतिक, भाषिक कुराहरू मेल खाने देशको भौगोलिक खण्डलाई प्रादेशिक संरचनाको आधार बनाउनुपर्ने पार्टीको अवधारणा हो।

**३.संविधानको संशोधन :**

जनताको आकांक्षा विपरित जबर्जस्ती लादिएको नेपालको संविधान, २०७२ मा दुई किसिमका त्रुटिहरू छन् । यसको निर्माण अलोकतान्त्रिक प्रक्रियाबाट भएको छ । यसको प्रत्यक्ष प्रमाण, संसदमा संबिधान निर्माणको लागि अभिलिखित (recorded) दस्तावेजहरू छन् । विभिन्न आन्दोलनहरू मार्फत जनताबाट अभिव्यक्त परिवर्तनको चाहनाको विपरित यथास्थिति बनाइराख्न संविधान लेखिएको हुनाले त्यस मानसिकताबाट एक-दुई होइनन् अनेकन् धारा-उपधाराहरू प्रभावित छन् । 'नाजायजको लक्षण हडबड़ी' चरितार्थ हुने गरी धारा-धारामा भाषागत र अर्थ नै बाङ्गिने गरी त्रुटिहरू देखा परेका छन् । तसर्थ, यसको परिमार्जनका लागि वर्तमान संविधानको संशोधन नै उपयुक्त विकल्प हो । यही यथार्थ र वास्तविकता हो । जबसम्म मधेशी, थारू, आदिवासी-जनजाति, महिला, दलित, मुस्लिम, पिछडावर्गकामुद्दाहरूको सही सम्बोधन गरिदैन नेपालको संविधान, २०७२ सबैको संविधान हुने सम्मान प्राप्त गर्न सक्दैन।

**४. राज्य प्रायोजित प्रवासनः**

देशको कुनै पनि स्थानमा बसोबास, व्यवसाय वा कुनै अन्य प्रयोजनको लागि बसाई सराई गर्ने अधिकार नागरिकको मौलिक अधिकार हो । तर यो स्वैच्छिक हुनुपर्दछ । बसाई-सराईको राष्ट्रिय नीति देशको निमित्त उपयुक्त भूउपयोग आवश्यकतामाथि आधारित हुनुपर्दछ, जसले देशको सबै भूखण्डको अधिकत्तम, समानुपातिक र वैज्ञानिक उपयोग प्रोत्साहित हुन सकोस् । राजनीति प्रेरित समूहगत प्रवासन देशको विविधताको संरक्षणमा खतरा उत्पन्न गरेको छ । महेन्द्रकालिन एकतन्त्रीय शासनकालदेखिनै राज्यद्वारा तराई-मधेशमा राजनीति प्रेरित योजनाबध्द प्रबासन गराईदै आइएको छ । यसले वनसम्पदाको विनास भएको छ । वातावरणीय सन्तुलन खलबलिएको छ। मधेशको पहिचान र सांस्कृतिक विशिष्टतामाथि आँच पुगेको छ । पहाडको जनसंख्यामा हास र त्यसले गर्दा उत्पन्न हुने समस्याहरू पनि देखा परेका छन् । तराई-मधेश लोकतान्त्रिक पार्टी प्राकृतिक विपदा वा सदरमुकाम सार्ने अथवा नयाँ शहर बसाउने कुनै पनि निहुँमा गरिने राजनीति प्रेरित प्रवासन विरूध्द छ र यस्तो हरेक प्रयासको बिरोधमा संघर्ष हाम्रो बाध्यता हुनेछ।

**५. प्रदेशको भूमि प्रदेशकै भूमिहीन दलित र सुकुमवासीलाई :**

सुकुमवासीहरूको नाममा जंगल विनास गरेर जग्गा वितरण गरिदै आइएको छ । यसले गर्दा जंगल अतिक्रमण गर्ने प्रवृति बढेको छ र जंगलफडानीमा तीव्रता आएको छ । तराई-मधेशको दलित र भूमिहीनलाई भूमिहीनताका कारण नागरिकताको समस्या खडा गरी अन्य नागरिक अधिकारहरूबाट समेत वंचित गरिएको छ । तराई-मधेश लोकतान्त्रिक पार्टी प्रदेशको वितरण प्रयोजनको भूमि प्रदेशकै दलित र भूमिहीनलाई प्रदान गरिने व्यवस्था लागू गराउन प्रतिबध्द छ । यसले सुकुम्वासीका नाममा भूमि वितरणका सबै विकृतिहरूको समाप्तिको साथै भूमिहीन सुकुम्वासीहरूलाई आफ्नै जन्मथलोमा भूमि पाउने अधिकार हुनेछ।

**६. युवा र श्रम-शक्ति :**

देशको प्रशिक्षित दक्ष युवा शक्ति देश भित्रै रोजगार नपाएर विदेशिने क्रम दिनानुदिन बढ्दो छ । प्रशिक्षित हुन नपाएका अदक्ष युवाहरू पनि बेरोजगारीको मारले गर्दा थोरै पारिश्रमिकमा परिवारबाट धेरै टाढा विदेशमा श्रम बेच्न बाध्य छन् । देशको विकासको निमित्त उपयोग हुनुपर्ने दक्ष/अदक्ष दुबै खाले श्रम शक्ति यसरी विदेशी श्रम-बजारको शरणमा पुग्न बाध्य भएको छ भने अर्कोतिर उत्पादन, निर्माण र सेवातिर मुलुक दक्ष श्रम-शक्तिको आयात गर्न विवश छ । तराई-मधेश लोकतान्त्रिक पार्टी युवा शक्तिलाई शिक्षा र प्रशिक्षणको अवसर तथा उत्पादन र सेवाको क्षेत्रमा रोजगारवृद्धिको वातावरणको निर्माणको निमित्त प्रतिवद्धताका साथ सक्रिय रहनेछ।

**७. शिक्षामा सहज पहुँचः**

शैक्षिक सूचकांकमा तराई-मधेशको स्थान निकै तल देखिएको छ । उन्नति र समृद्धिको निमित्त शिक्षाको सर्वोपरितालाई आत्मसात गर्दै शिक्षाका विभिन्न आयामहरूलाई विकसित गर्न यस पार्टीले अहम भूमिका निर्वाह गर्ने लक्ष्य राखेको छ । प्राविधिक र व्यवस्थापन क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै विभिन्न तहमा शैक्षिक संस्थाहरूको संचालनका साथै शैक्षिक संस्थानहरूको स्वायत्तता र राजनैतिक हस्तक्षेपबाट पूर्ण स्वतन्त्रता हाम्रो मान्यता हो । तराई-मधेश लोकतान्त्रिक पार्टी हरेक बालबालिकालाई राज्यले न्यूनतम निम्न माध्यमिक स्तरको अनिवार्य शिक्षाको व्यवस्था निमित्त आवाज उठाउने छ ।

**८. स्वास्थ्य :**

स्वस्थ जीवन प्रत्येक व्यक्तिको मूलभूत आवश्यकता र चाहना हो । स्वस्थ जनशक्तिने देश र समाजको अमूल्य संपत्ति हुन्छ । अतः स्वास्थ्य सुरक्षा र समुचित उपचारको सुनिश्चितता राज्यको अनिवार्य दायित्व हुनुपर्दछ । रोग निवारक विभिन्न उपाय. समुचित पोषण एवं प्रदूषणरहित आवोहवाको उपलब्धताको अतिरिक्त मातृशिशु स्वास्थ्य, बृद्ध बृद्धा, बाल-बालिका र जोखिममा रहेकाहरूका लागि भरपर्दो स्तरीय स्वास्थ्य सेवा हाम्रो प्राथमिक दायित्व हुनुपर्दछ । विभिन्न संक्रामक, असंक्रामक, कुपोषण-जनित अथवा अन्य कारणबाट हुने रोगहरूको निवारण र स्वास्थ्य प्रबर्द्धनका उपायहरू (preventive and health promotional measures ) का साथै सहज. सुलभ र गुणवत्तापूर्ण उपचारको व्यवस्था (easy accessible, adequate and quality health care) को दायित्व राज्यको हुनुपर्दछ । समग्रमा, कुनै पनि नागरिक समूचित स्वास्थ्य सेवाबाट वंचित हुनुहुँदैन र यसका लागि विरामी वा परिवारले न्यूनतम नीजि खर्च ( minimum out of pocket expenses) मा सम्पूर्ण स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था हुनुपर्ने तराई-मधेश लोकतान्त्रिक पार्टीको मान्यता हो । स्वास्थ्य जनशक्ति, अस्पताल शैय्या, स्वास्थ्य विमा आदिको उपलब्धताको सुनिश्चितता हाम्रो पार्टीको प्राथमिकता हुनेछ ।

**९. कृषि, उद्योग र व्यापार सन्तुलन :**

कृषि क्षेत्रमा बढ्दो जनशक्ति, सरल र पहुँचयोग्य आधुनिक प्रविधि, आवश्यक मलखाद र माटोको गुणवत्तताको आधारमा कृषि उत्पादनको निमित्त अभिज्ञान सहितको कृषि क्षेत्रको चयनको आभावको कारण कृषिप्रधान नेपालको कृषि उत्पादन निरन्तर तीब्र गतिले घट्दो छ । कुनै बेला कृषि उब्जनीको पर्याप्तता र निर्यात नै हाम्रो अर्थव्यवस्थाको मेरूदण्ड रहेकोमा अहिले खाद्यपदार्थको आयात गर्ने अवस्थामा देश पुगेको छ । त्यस्तै औद्योगिक क्षेत्रमा उपयुक्त औद्योगिक नीति, कच्चामालको सहज आपूर्ति, दक्ष जनशक्ति, र प्रतिस्पर्धात्मक बजारीकरणमा पहुँचको अपर्याप्तताको कारण उद्योगधन्धा पनि वांछित गतिमा फस्टाउन सकिरहेको छैन । परिणामस्वरूप घरेलु औद्योगिक उत्पादन आन्तरिक बजारमा समेत प्रतिस्पर्धात्मक मा कमजोर छ । देश बाहिर निर्यातको अवस्था निकै कमजोर रहेको छ । परिणामस्वरूप व्यापार घाटा खतराजन्य स्थितिमा पुगेको छ । प्राकृतिक श्रोतलाई समुचित दोहन गर्दै आयमूलक उत्पादनमा बृद्धि नै यसको समाधान हो । तराई-मधेश लोकतान्त्रिक पार्टी यस क्षेत्रमा राज्यको गम्भीरता नितान्त आवश्यक ठान्दछ ।

**१०. निजी-सार्वजनिक भागीदारीः**

देशको विकासलाई तिब्र गति प्रदान गर्न र ग्राहस्थ्य उत्पादनको अभिष्ट उत्पादन-बिन्दुसम्म पुग्न शिक्षा, स्वास्थ्य, उद्योग, कृषि, आदिको क्षेत्रमा स्थायी र दिगो पूर्वाधारजन्य उपक्रमहरूको आवश्यकता छ । यसका लागि निजी-सार्वजनिक भागीदारीको नीति महत्वपूर्ण समाधान हुन सक्ने तराई-मधेश लोकतान्त्रिक पार्टीको धारणा रहेको छ ।

**११. मधेश विकासको निमित्त दिर्घकालिन सहमतीय विकास रणनीतिको तर्जुमा :**

एकल जातीय राज्यसंरचनाका कारण मधेश र थरूहट क्षेत्रमा विकासको दिशा र गतिमा देखिएको असंतोषजनक अवरोध चिर्दै यी क्षेत्रहरूमा विकासको गतिलाई वांछित दिशामा सन्तुलित र तीव्र गतिमा आगाडि बढाउन तथा विकासको बाटोमा देखिएको ठूलो अवरोध भ्रष्टाचार जस्ता रोगहरूलाई कडाईका साथ नियन्त्रित गर्न प्रदेशहरूका राजनीतिक शक्ति तथा अन्य सरोकारवालाहरूबीच गहन छलफल मार्फत दिर्घकालिन सहमतीय विकास रणनीतिको आवश्यकता छ । प्रदेशहरूको शासन र सरकारमा परिवर्तन आए पनि विकास सम्बन्धी गतिविधिमा अस्थिरता, अवरोध र राजनैतिक हस्तक्षेपबाट मुक्तिको सुनिश्चिताका साथ विकासको निमित्त दिर्घकालिन सहमतीय विकास रणनीतिको तर्जुमा हुनु आवश्यक रहेकोले तराई-मधेश लोकतान्त्रिक पार्टी यसका लागि प्रतिबध्दताका साथ पहल गर्नेछ।

**१२. क्षेत्रीय पार्टीको मान्यताको प्राबधान :**

संघियताको सुदृढीकरणको लागि क्षेत्रीय अवधारणाको सही विकास हुनु आवश्यक छ । क्षेत्रको आकांक्षा र आवश्यकताको सम्वोधन हुने गरी विकासको प्रभावकारी रणनितिको निर्माण नभए क्षेत्रीय वा प्रादेशिक स्वशासनको लाभ प्राप्त गर्न सकिन्न । त्यसकारण, पहिचानयुक्त संघीय संरचनामा प्रादेशिक स्वशासनका लागि प्रादेशिक जनताको क्षेत्रीय स्तरमा राजनैतिक रूपमा संगठित हुने अधिकार आवश्यक छ । क्षेत्रीय राजनीतिक पार्टीहरूको उपस्थिति र मान्यताले समानुपातिक प्रतिनिधित्त्व प्रणाली अन्तर्गत प्रादेशिक मतको आधारमा संघीय व्यवस्थापिकामा समेत सही प्रादेशिक प्रतिनिधित्वको सुनिश्चितता हुनेछ । त्यसकारण, निर्वाचन र अन्य राजनैतिक प्रयोजनका लागि समेत क्षेत्रीय पार्टीको कानूनी व्यवस्था अनिवार्यतः गरिनु पर्दछ ।

**१३. जनसंख्या आधारित प्रतिनिधित्वः**

लोकतन्त्रमा जनताको प्रतिनिधित्वको एक मात्र आधार जनसंख्या आधारित प्रतिनिधित्व नै रहेको तथ्यमा कुनै विवाद हुन सक्दैन । त्यसकारण, संघीय संसद लगायत हरेक यस्तो प्रयोजनको स्थानमा जनसंख्या आधारित प्रतिनिधित्व हुनुपर्ने तराई-मधेश लोकतान्त्रिक पार्टीको अडिग मान्यता हो । प्रतिनिधिसभाको संसदीय क्षेत्र निर्धारण समान मतदाता संख्याको आधारमा हुनुपर्ने र त्यसको पुनरावलोकन प्रत्येक १० वर्षमा हुनुपर्ने हाम्रो धारणा रहेको छ । राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट ८ जना प्रतिनिधित्व जनसंख्या आधारित प्रतिनिधित्वको मान्य सिद्धान्त विपरित छ । संविधानमा संशोधन गरी राष्ट्रिय सभामा समेत जनसंख्याको आधारमा प्रतिनिधित्व हुनुपर्ने हाम्रो मांग हो।

**१४. स्वतन्त्र र निष्पक्ष संचार-**

नागरिकको सुसूचित हुने अधिकार तथा लोकतन्त्रको चौथो स्तम्भ सञ्चार माध्यमको स्वतन्त्रताप्रति तराई-मधेश लोकतान्त्रिक पार्टी सदैब प्रतिवद्ध रहनेछ । लोकतन्त्र र संघीयताको सुदृढीकरण, विधिको शासन, निष्पक्ष र निर्भिक न्यायिक प्रणालीको मजबूती, सबै प्रकारका विभेदको अन्त्य गर्न जरूरी चेतनाको विकास, सिमान्तिकरणमा परेका वर्ग र समुदायको आकांक्षा र अभिव्यक्तिको सशक्तिकरणको निमित्त जनताप्रति समर्पित, स्वतन्त्र र निष्पक्ष संचार माध्यमको विकल्प नरहेको हाम्रो दृढ निष्कर्ष हो।

**१५. व्यवहारिक विदेश नीति :**

विदेश नीति तत्कालको प्रतिभास होइन, यो दीर्घकालिन दृष्टि तथा समझको उत्पाद हो । विदेश नीतिको मूल ध्येय शान्ति एवं देशको जनताको बृहत्तर तथा दीर्घकालिन लाभ हुनुपर्दछ । हाम्रा दुबै छिमेकी विकसित र सम्पन्न छन्। नेपालमा स्थिरता र शान्ति उनीहरूको हितसंग पनि सम्बन्धित छ । यस्तोमा दुबैका चाँसोलाई सम्बोधन गरी छिमेकीसंगको सम्बन्धलाई देशमा विकासका पूर्वाधारहरूको निर्माण र उत्पादकत्व बढाउन आवश्यक संसाधनमा बृध्दि र तिनको उच्चतम सदुपयोगका निमित्त उपयोग गर्नुपर्दछ । एउटा छिमेकीको अर्को विरूध्द प्रयोगको नीति नेपालको लागि अत्यन्तै हानिकारक हुनेमा विश्वस्त छौं । चीन हाम्रो महत्वपूर्ण छिमेकी हो र भारतसंग नेपाली जनताको भाईचाराको प्रत्यक्ष राजनैतिक, सामाजिक, धार्मिक-सांस्कृतिक तथा आर्थिक सम्बन्ध छ । यो सम्बन्ध दुई देशबीचको विशेष सम्बन्धभन्दा पनि जनता-जनताबीच रहेको स्वाभाविक सम्बन्ध हो जसलाई खलबलाउन सकिन्न । भारतसंग भूराजनैतिक स्थिति र सामाजिक समरूपताका कारण भ्रातृत्वपूर्ण विशेष सम्बन्ध तथा चीनसंग मैत्रीपूर्ण सम्बन्ध नेपालको लागि सर्वोत्तम विकल्प हो। त्यस्तै, वैश्वीकरणको यस युगमा नेपालको विकासमा सदैव सहयोग गर्दै आइरहेका संयुक्त राज्य अमेरिका, यूरोपीय देशहरू, जापान र दक्षिण एशियाका मुलुकहरू लगायतकाले नेपालको शान्ति र समुन्नतिका लागि महत्वपूर्ण एवम् परिणामदायी सहयोग गर्दै आइरहेका छन् । यी सबै मित्र राष्ट्रहरूसंग मैत्रीपूर्ण सम्बन्धको प्रगाढता तथा सम्भावित सहयोगी मित्रराष्ट्रहरूसंग साझेदारीको हात बढाइनु पर्ने तराई-मधेश लोकतान्त्रिक पार्टीको धारणा रहेको छ । मानव अधिकारको संरक्षण र सम्बर्धन तथा लोकतान्त्रिक मूल्य मान्यताको लागि संघर्षरत विश्व भरका अभियानप्रति यस पार्टीको सहानुभुति र समर्थन रहनेछ ।

**४. हाम्रो चाहनाः**

१. पहिलो संविधानसभाबाट गठित राज्यपुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समिति र राज्यपुनसंरचना उच्चस्तरीय सुझाव आयोगको प्रतिवेदन एवम् मधेशी, आदिवासी जनजाति लगायत उत्पीडित समुदायसँग भएका सम्झौता र नेपालको अन्तरिम संविधान २०६३ को धारा १३८.१ (क) अनुरूप तराई/मधेशमा मेचीदेखि महाकालीसम्म दुई अधिकार सम्पन्न स्वायत्त प्रदेश, अन्यभागमा छुट्टै स्वायत्त प्रदेशहरू निर्माण हुनुपर्ने।

२. संविधानको मौलिक हकमा मधेशी लगायत अन्य सबै सिमान्तिकरणमा पारिएका समुदायहरूको समुदायगत समानुपातिक समावेशिताको हक हुने स्पष्ट व्यवस्था गर्नुपर्ने ।

३. सह, प्रदेश तथा स्थानीय तह लगायत राज्यको सम्पूर्ण अङ्ग, निकाय र सेवाआयोगहरूमा पूर्ण समानुपातिक समावेशिताको प्रत्याभूति हुनुपर्ने ।

४. प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन पूर्ण समानुपातिक पद्धतिबाट हुनुपर्ने ।

५. संविधानमा हाल रहेको नागरिकता प्राप्ति सम्बन्धी व्यवस्था लैंगिक वा अन्य कुनै किसिमको विभेद नहुनेगरी समानताको आधारमा हुने व्यवस्था गरी तत्सम्बन्धी कानून तत्काल लागू गर्नुपर्ने ।

६. न्यायाधीशहरूको नियुक्ति राजनीतिक विचार आधारित वा भाग-बण्डाको आधारमा भइरहेको विसंगति अन्त्य गरी स्वतन्त्र र निष्पक्ष तथा सबैको न्यायपालिकाको धारणा अनुरूप समावेशी समानुपातिक आधारमा योग्यहरूको निष्पक्ष नियुक्ति सुनिश्चित गर्नुपर्ने ।

७. सङ्घ, प्रदेश र स्थानीय निकायका सबै अङ्गहरूमा स्थानीय भाषाहरूलाई महत्व दिदै भाषिक नीति लागु गर्नुपर्ने ।

८. राज्यका आयोगहरूमा समानुपातिक समावेशिताको आधारमा र अन्य पहिचानगत आयोगहरूमा सम्बन्धित समुदायका विभिन्न समूहहरूबाट प्रतिनिधित्व हुनु पर्ने तथा राजनैतिक/संवैधानिक नियुक्तिहरूमा समानुपातिक समावेशिताको हकको पूर्ण पालना हुनुपर्ने।

९. स्थानीय निकाय तथा विशेष संरचनामा आपसी समन्वय र सुशासन सम्बन्धी कार्यको देखरेखको जिम्मा प्रादेशिक सरकारको नै हुनुपर्ने ।

१०. सुरक्षा निकायहरूको समानुपातिक समावेशिताको सिद्धान्तको आधारमा संघीयताको सिद्धान्त अनुरूप पुनरसंरचना गर्नुपर्ने ।

**हाम्रो प्रतिबद्धता**

१. तराई-मधेश लोकतान्त्रिक पार्टीका प्रत्येक सदस्य नेपालको विविधतालाई आत्मसात गर्दै बराबरी, पहिचान तथा लोकतान्त्रिक संघीय प्रणालीमा स्वशासनको अवधारणाको आधारमा समरसीय विविधतामा एकताको राष्ट्रियता निर्माणका निमित्त प्रतिबद्ध रहनेछन् । यसका निमित्त क्षेत्रगत आधारमा हुने हरेक प्रकारका कटुता अन्त्य गर्ने निरन्तर प्रयास गर्नेछन् र सबैसंग यसै अनुरूपको व्यवहारको अपेक्षा गर्दै यस्तो भावनाको विकासको निमित्त कार्यरत रहनेछन् ।

२. तराई-मधेश लोकतान्त्रिक पार्टीका हरेक सदस्य जात-पात, छुवाछुत, विरूद्ध प्रतिरोधक शक्तिको रूपमा कार्यरत रहनेछन् ।

३. विधिको शासन र हरेक स्थानमा विधिसम्मत प्रक्रिया तराई-मधेश लोकतान्त्रिक पार्टीको सोचको केन्द्र रहनेछ।

४. भ्रष्टाचारको बिरोध र सुशासन अभियानप्रति तराई-मधेश लोकतान्त्रिक पार्टी प्रतिबद्ध रहनेछ।

५. लैंगिक, जातगत लगायत हरेक किसिमको विभेद, लैंगिक हिंसा, समाजमा व्याप्त कुरितिहरू र नशाजन्य पदार्थहरूको प्रयोग, आदिको बिरोधमा तराई-मधेश लोकतान्त्रिक पार्टी अभियान संचालित गर्नेछ ।

## संक्षिप्त समाचार

### राजदूत क्वात्रा विदेश सचिवमा नियुक्त

काठमाडौं । नेपालका लागि भारतका राजदूत विनयमोहन क्वात्रालाई भारत सरकारले विदेश सचिवमा नियुक्त गरेको छ । भारतीय मन्त्रिपरिषद अन्तर्गतको नियुक्ति समितिले क्वात्रालाई विदेश सचिव नियुक्त गरेको भारतीय सञ्चारमाध्यमहरूले जनाएको हो । हालका विदेश सचिव हर्ष श्रृंगलालाई प्रतिस्थापन गर्नेछन् । श्रृंगलाले अप्रिल ३० देखि भारतीय विदेश सेवाबाट अनिवार्य अवकाश पाउँदैछन् । क्वात्रा जनवरी ३०, २०२० मा नेपालका लागि भारतीय राजदूत नियुक्त भएका थिए । क्वात्रा सन् १९८८ मा भारतीय विदेश सेवामा प्रवेश गरेका थिए।

### वीरगन्जमा लोसपाको शक्ति प्रदर्शन

वीरगन्ज । आगामी स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले वीरगन्जमा शनिबार शक्ति प्रदर्शन गरेको छ । पार्टीका सबै शीर्ष नेताहरूले वीरगन्जमा बृहत् र्‍यालीसहित शक्ति प्रदर्शन गरेको हो । वीरगन्जको चिनी मिल आवास क्षेत्रबाट सयौंको संख्यामा चार पाङ्ग्रे गाडी र मोटरसाइकलसहित निस्किएको 'स्वभिमान यात्रा' नामक र्‍यालीमा लोसपाका राष्ट्रिय अध्यक्ष महन्थ ठाकुर, केन्द्रीय नेताहरू राजेन्द्र महतो, अनिल झा र सर्वेन्द्रनाथ शुक्ल सहभागी थिए । लोसपाको र्‍याली नगर परिक्रमा गरेपछि नगरभागृहमा पुगेर स्वभिमान सभामा परिणत भएको थियो । सभालाई पार्टीका चारै जना शीर्ष नेताहरूले सम्बोधन गरेका थिए ।

### राप्ती नदीमा पहिलो पटक र्‍याफ्टिङ

नेयालगञ्ज । लुम्बिनी प्रदेशमा पहिलोपटक बाँकेको राप्ती नदी (कुसुम-अगैया) मा जलयात्रा सुरू भएको छ । जलयात्राको लुम्बिनी प्रदेशका पर्यटन, ग्रामिण तथा सहरी विकास मन्त्री डिल्लीबहादुर चौधरीले शुक्रबार शुभारम्भ गरेका छन् । जलयात्रा सफल भएको र अब यसलाई व्यवसायिक बनाइने मन्त्री चौधरीले बताए । उनले प्रदेशका ५ स्थानमा जलयात्रा सन्चालन गरिने बताए । सोहि योजना अनुसार बाँकेको राप्ती सोनारी गाउँपालिका-१ कुसुम बैरियादेखि अगैयासम्म राप्ती नदीमा शुक्रबारदेखि साहसिक जलयात्रा (र्‍याफ्टिङ) सञ्चालनमा आएको हो । राप्ती सोनारी गाउँपालिकासँगको सहकार्यमा पर्यटन डिभिजन कार्यालय बाँकेले र्‍याफ्टिङ सञ्चालनमा ल्याएको हो ।

### मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

मोरङ । बुढिगंगा गाउँपालिका-२ टंकिचोकस्थित सडकमा को.१७ प ७६७२ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ । आइतबार बेलुकी दुर्घटना हुँदा मोटरसाइकल चालक सुनसरी ईटहरी उपमहानगरपालिका-१९ खनार बस्ने २२ वर्षीय अनिस कार्कीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको विराट मेडिकल गंगा चोकमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका अन्य २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

### आगलागी हुँदा ५० लाखको क्षति

धनुषा । जनकपुर उपमहानगरपालिका-४ जटही बसपार्कस्थित विनयनाथ गुप्ताको रवि रेडिमेट स्टोरमा करेन्ट सर्ट भई आगलागी भएको छ । सोमबार बिहान आगलागी हुँदा करिब ५० लाख रूपैयाँ बराबरको कपडाहरू जलेर नष्ट भएको छ । स्थानीयवासी र दमकलको सहयोगमा प्रहरीले आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

### ट्याक्टरबाट खसेर बालकको मृत्यु

पर्सा । संखुवाप्रसौनी गाउँपालिका-२ गुल्बरियास्थित सडकमा प्रदेश नं.२-०३-००१ त ४०९४ नम्बरको ट्याक्टरको टेलरबाट खसेर सोही ठाउँ बस्ने धनिलाल यादवको ५ वर्षीय छोरा रितेश कुमार यादवको बुधबार दिउँसो मृत्यु भएको छ । ट्याक्टरको टेलरबाट खसेर सोही ट्याक्टरले किच्दा गम्भीर घाइते भएका उनको वीरगंज हेल्थ केयर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### ब्राउनसुगरसहित दुई जना पक्राउ

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-६ स्थितबाट करिब ३ ग्राम ७ सय २० मिलिग्राम अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-२ सेमराहवा बस्ने २३ वर्षीय सुनिल कुमार पासी र १८ वर्षीय किशोर रहेका छन् । जिल्ला प्रहरी कार्यालय कपिलवस्तुबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो । साथै उनीहरूको साथबाट लु.१३ प २८६५ नम्बरको मोटरसाइकल समेत प्रहरीले बरामद गरेको छ ।

### आगलागीबाट विभिन्न धनमाल जलेर नष्ट

कैलाली । बर्दगोरिया गाउँपालिका-१ बौनिया बजारस्थित भक्त बहादुर बिसिको हेमन ट्रेडर्स किराना पसलमा विद्युत सर्ट भई गएराति आगलागी हुँदा पसलमा रहेको सामानहरू पूर्णरूपमा जलेर करिब २० लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । ईलाका प्रहरी कार्यालय सडकपुरबाट खटिएको प्रहरीले स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### अवैध लागुऔषधसहित पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१६ शंकराचार्य गेटबाट करिब १ सय मिलिग्राम अवैध लागुऔषध खैरो हेरोईन सहित हेटौंडा उपमहानगरपालिका-४ स्कुल रोड बस्ने २३ वर्षीया बिमला राईलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । भारतबाट नेपालतर्फ आउँदै गरेकी उनलाई प्रहरीले जाँच गर्दा उक्त परिमाणको लागुऔषध फेला पारी पक्राउ गरेको हो ।



# प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणको फोटोफिचर



भारत भ्रमणमा गएका प्रधानमन्त्री शेरबहादुर देउवालाई दिल्लीमा भारतको रक्षा राज्यमन्त्री अजय भट्ट स्वागत गर्दै ।



भारत भ्रमणमा प्रधानमन्त्री शेरबहादुर देउवालाई दिल्लीमा भारतकाा रक्षा राज्यमन्त्री अजय भट्टसहित अधिकारीहरू स्वागत गर्दै ।



भारत भ्रमणको क्रममा प्रधानमन्त्री शेरबहादुर देउवासँग विदेशमन्त्री एस जयशंकर भेटवार्ता गर्दै ।



भारत भ्रमणको क्रममा प्रधानमन्त्री शेरबहादुर देउवा नयाँदिल्लीस्थित महात्मा गान्धीको समाधिस्थलमा पुष्प गुच्छा अर्पण गर्दै ।



भारत भ्रमणको क्रममा प्रधानमन्त्री शेरबहादुर देउवा आफ्ना समकक्षी नरेन्द्र मोदीसँग भेटवार्ता गर्दै ।



प्रधानमन्त्री शेरबहादुर देउवा आफ्ना समकक्षी नरेन्द्र मोदीसँग द्विपक्षीय विषयमा विचार आदान-प्रदान गर्दै ।



नेपाल र भारतका प्रधानमन्त्री सोलु कोरिडोर प्रसारणलाइनको संयुक्तरूपमा उद्घाटन गर्दै ।



उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ प्रधानमन्त्री शेरबहादुर देउवालाई बनारसमा स्वागत गर्दै ।



प्रधानमन्त्री शेरबहादुर देउवा बनारसमा काल भैरव मन्दिरमा पूजा अर्जना गर्दै ।


## राष्ट्रिय पशु आहारा तथा लाईभस्टक गुण व्यवस्थापन प्रयोगशालाको जनहितमा जारी सूचना

खेतबारी, डिल कान्ला, आलीमा घाँस लगाऔं ।

पशु आहारा व्यवस्थापनको लागि यान्त्रिकरणमा जोड दिऔं ।

पशुजन्य पदार्थको उत्पादन लागत कम गराउन विभिन्न किसिमको भुईंघाँस लगाऔं र आम्दानी बढाऔं ।

तसर्थ सधैं स्वस्थ र निरोगी पशुपन्छी पालनका लागि गुणस्तरीय दाना र आहाराको उत्पादन र प्रयोग गरौं ।

स्वस्थ रहौं, निरोगी बनौं, सुन्दर र समृद्ध देश निर्माणमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
पशुम उत्पादन निर्देशनालय
**राष्ट्रिय पशु आहारा तथा लाईभस्टक गुण व्यवस्थापन प्रयोगशाला**
हरिहरभवन, फोन नं. ०१-५०१००५६, ५०१००५९
वेभसाईट : www.naflqml.gov.np



## बर्डफ्लु लगायत रोगबाट बचाउन निम्नानुसारका जैविक सुरक्षाका उपायहरू अपनाऔं :

- आफूले पालेका पंक्षीलाई खुलारूपमा नछोडी थुनेर पालौं ।
- नदी, कुलो तथा खोलामा मरेका पशुपंक्षी लगायतका संक्रमित वस्तुहरू नफालौं ।
- पशुपंक्षी तथा दाना, पानी दिने भाँडा नियमित रूपमा सफा गरौं ।
- पशुपंक्षीलाई राखेको फार्म लगायतका स्थानमा नियमित रूपमा निसंक्रमण गरौं ।
- रोगबाट बच्न व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
- घरपालुवा पंक्षीलाई जंगली चराको सम्पर्कमा आउन नदिऔं ।
- मरेका पंक्षी तथा संक्रमित वस्तु पंक्षीलाई राखेको फार्म नियमित रूपमा निसंक्रमण गरौं ।
- हाँस तथा कुखुरालाई एकै ठाउँमा वा खोरमा मिसाएर नराखी छुट्याएर पालौं ।
- बजारमा बिक्री वितरणका लागि लगिएका पंक्षीलाई भरसक हाट वा बजारबाट फिर्ता नल्याऔं, ल्याउनै पर्ने भएमा केही दिनको लागि अन्य पंक्षीको सम्पर्कबाट टाढा राखौं ।
- कुखुराको खोरबाट निस्केको सुली तथा अन्यवस्तु जथाभावी नफाली खाल्डोमा पुरौं ।
- प्रयोग भैसकेको अण्डा राख्ने ट्रे पुन: प्रयोग नगरौं ।
- अन्य जानकारीका लागि पशु सेवा शाखा वा भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्पर्क राखौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**पशु सेवा विभाग**
केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला
त्रिपुरेश्वर, काठमाडौं
फोन नं. ०१-४२१२१४३, ४२६१९३८
इमेल : infocui.gov.np

## विश्व परिवेश

# भारतले एक रोजेको शान्तिको पक्ष हो : जयशंकर

यदि भारतले एक पक्ष रोजेको छ भने, यो शान्तिको पक्ष हो, विदेशमन्त्री जयशंकरले बुधबार युक्रेनमा हिंसाको तत्काल अन्त्य गर्न आह्वान गरे। रगत बगाएर र निर्दोष जीवनको मूल्यमा कुनै समाधानमा पुग्न सकिँदैन, उनले लोकसभामा भने, उनले भारत "द्वन्द्वको कडा विरूद्ध" रहेको दोहोर्याए पनि।



युक्रेनको अवस्थाबारे भएको छलफलमा बोल्दै विदेशमन्त्रीले बुचामा भएको हत्याको भारतले कडा निन्दा गरेको बताए। भारतले स्वतन्त्र छानबिन (बुचामा के भयो) को आह्वानलाई समर्थन गरेको छ, जयशंकरले भने। "युक्रेनमा भारतले के वकालत गरिरहेको छ? हामी, सबैभन्दा पहिले र सबैभन्दा ठूलो, द्वन्द्वको विरूद्धमा छौं। हामी विश्वास गर्छौं कि रगत बगाएर कुनै समाधानमा पुग्न सकिँदैन।

"यसलाई ध्यानमा राख्नु पर्छ कि समसामयिक विश्वव्यापी व्यवस्था संयुक्त राष्ट्रको बडापत्र, अन्तर्राष्ट्रिय कानूनको सम्मान र सबै राज्यहरूको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको आधारमा निर्माण गरिएको छ। यदि भारतले एक पक्ष रोजेको छ भने, त्यो शान्तिको पक्ष हो। "सदस्यहरू सचेत छन् कि एक जटिल र विश्वव्यापी संसारमा, प्रत्येक राष्ट्रले अन्तरनिर्भरताको वास्तविकतालाई ध्यानमा राख्छ। त्यसैले उनीहरूले शब्द र कर्ममा आफ्नो स्थिति व्यक्त गरे पनि, उनीहरूले आफ्नो जनसंख्याको हितको रक्षा गर्ने नीतिहरू पनि अपनाउछन्," जयशंकरले औंल्याए।

उनले अन्तर्राष्ट्रिय इन्धनको मूल्यमा भएको तीव्र वृद्धिलाई पनि उल्लेख गरे र भने, "उर्जा लागत बढेको समयमा, हामीले स्पष्ट रूपमा यो सुनिश्चित गर्न आवश्यक छ कि भारतमा सामान्य व्यक्ति अतिरिक्त र अपरिहार्य बोझको अधीनमा नहोस्।"

"धेरै सांसदहरूले बुचामा भएको घटनालाई उठाए र म भन्न चाहन्छु कि हामी रिपोर्टहरूबाट गहिरो विचलित छौं। हामी त्यहाँ भएका हत्याहरूको कडा निन्दा गर्छौं। यो अत्यन्त गम्भीर विषय हो, जयशंकरले भने। – *इण्डिया न्यूज नेटवर्क*

# चिनियाँ कम्पनीबाट बुढीगण्डकी खोस्ने सरकारको तयारी

काठमाडौं। सरकारले बूढीगण्डकी जलविद्युत् आयोजना चिनियाँ कम्पनीबाट खोस्ने तयारी गरेको छ। ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयले बूढीगण्डकी आयोजना चाइना गेजुवा वाटर एन्ड पावर ग्रूपबाट खोस्ने र स्वदेशी लगानीमै बनाउने प्रस्ताव मन्त्रिपरिषदमा पुर्याएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतका अनुसार करिब २ साताअघि नै ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री पम्फा भुसालले बूढीगण्डकी स्वदेशी लगानीकै बनाउने प्रस्ताव मन्त्रिपरिषदमा पुर्याएकी हुन्।

'मन्त्रालयबाट चिनियाँ कम्पनीसँग वार्ता गरेर परियोजना अघि बढाउने गरी यसअघि भएको निर्णयअनुसार काम हुन नसकेको भन्दै अब स्वदेशी लगानीमा अघि बढाउने गरी प्रस्ताव आएको हो,' प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतले भन्यो।

चिनियाँ विदेशीमन्त्री वाङ यीको नेपाल भ्रमणअघि नै यो प्रस्ताव मन्त्रिपरिषदमा पुगेको थियो। त्यसलगत्तै प्रधानमन्त्री शेरबहादुर देउवा भारत भ्रमणमा पनि जानुपर्ने भएकाले यसबारे मन्त्रिपरिषदमा छलफल हुन नपाएको प्रधानमन्त्री कार्यालयका एक अधिकारीले बताए।

'अब बूढीगण्डकीको निर्माण अघि बढाउन नयाँ खालको निर्णय हुन्छ,' ती अधिकारीले भने, 'सम्भवतः अब बस्ने मन्त्रिपरिषद् बैठकको निर्णयबाट गेजुवा बिदा हुन्छ।'

सरकारले चालु आर्थिक वर्षको बजेटमा आयोजनाको निर्माण ढाँचा निर्धारण र स्रोत व्यवस्थापन गरी कार्यान्वयन गर्ने घोषणा गरेको थियो। ऊर्जामन्त्री पम्फा भुसालले बूढीगण्डकी निर्माणको लागि छलफल गरिरहेको चाइना गेजुवा वाटर एन्ड पावर ग्रूपलाई आयोजना अघि बढाउनेबारे निर्णय लिन मंसिरमा नै तीन महिनाको 'समयसीमा' दिएकी थिइन्। बहुउद्देश्यीय आयोजना भएकाले मन्त्री भुसालले गेजुवालाई आयोजनाबारे छिटो निर्णय लिन भनेकी थिइन्।

तर, गेजुवाले समय सीमाभित्रै यो विषयलाई टुंगोमा पुर्याउन चासो नदिएपछि मन्त्रालयले आयोजनामा चिनियाँ कम्पनीलाई नकुर्ने निष्कर्ष निकालेको हो। ऊर्जामन्त्री पम्फा भुसालले प्रत्येक प्रदेशमा एउटा जलाशययुक्त आयोजना बनाउने योजना अनुसार बूढीगण्डकी जलविद्युत आयोजना अघि बढाउने घोषणा नै गरेकी छिन्।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा २०७५ मा मन्त्रिपरिषदले इन्जिनियरिङ, प्रोक्योरमेन्ट, कन्स्ट्रक्सन एन्ड फाइनान्सिङ (ईपीसीएफ) मोडलमा बूढीगण्डकी बनाउन गेजुवालाई दिने मोडालिटी बनाउन ऊर्जा मन्त्रालयलाई जिम्मेवारी दिने निर्णय गरेको थियो। यो मोडलअनुसार आयोजनाको प्राविधिक र आर्थिक पक्ष कम्पनीले हेर्नुपर्ने हुन्थ्यो। ईपीसीएफ मोडालिटीअनुसार गेजुवाले जुटाउने सबै लगानी आयोजना निर्माणपछि नेपाल सरकारले निश्चित वर्ष तोकेर किस्ताबन्दीमा सावा र ब्याज तिर्नुपर्ने हुनसक्थ्यो। यस्तो ऋणको लगानीकर्ता र ब्याजदरका विषयमा दुई पक्षबीच सुरूमै सहमति जुट्नुपर्थ्यो।

तर, ऊर्जा मन्त्रालयले कार्यादेश अनुसार गेजुवासँग सहमति जुटाउन सकेको छैन। ०७५ पुस ४ देखि ६ गतेसम्म भएको वार्तामा दुवैतर्फबाट छिट्टै उचित प्रस्ताव ल्याउने सहमति भएको थियो। आयोजनाको क्षमता, लागत, ऋण र ब्याजदरबारे छलफल भए पनि सहमति हुन सकेको थिएन। त्यसपछि गेजुवासँग यसबारे वार्ता भएन।

त्यसैले अब मन्त्रालयले नयाँ ढंगबाट अघि बढ्न प्राविधिक गृहकार्य पनि अघि बढाएको छ। अहिले नेपाल विद्युत प्राधिकरण अन्तर्गतको एनईए इन्जिनियरिङ कम्पनीमार्फत आयोजनाको लागत अनुमान अद्यावधिक गरिरहेको छ। २०७३ मै बूढीगण्डकीको करिब ३ खर्ब ११ अर्ब रूपैयाँ (२ हजार ५९३ मिलियन अमेरिकी डलर) मा आयोजना बनाउन सकिने गरी लागत अनुमान तयार भएको थियो। करिब ६ वर्षमा डलरको मूल्यमा भएको अनुसार आयोजनाको बढेको लागतबारे अध्ययन गर्ने तयारी भएको हो।

सरकारसँग चार विकल्प

अब सरकारले विभिन्न मोडालिटीबाट बूढीगण्डकी आयोजना अघि बढाउन गृहकार्य गरेको छ। ऊर्जा मन्त्रालय स्रोतकाअनुसार मन्त्रालयभित्र बूढीगण्डकी बनाउन छुट्टै प्राधिकरण या कम्पनी बनाउनेबारे पनि छलफल भइरहेको छ।

बूढीगण्डकी आयोजना स्वदेशी पुँजीमा नै बनाउन राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष स्वर्णिम वाग्ले नेतृत्वको सुझाव समितिको प्रतिवेदनले दिएका सुझावअनुसार अघि बढाउने तयारी छ। समितिले बूढीगण्डकी स्वदेशी लगानीमा बनाउन तीन वटा विकल्पहरू दिएको थियो।

नेपाल सरकार, नेपाल विद्युत् प्राधिकरण, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, जलविद्युत् लगानी तथा विकास कम्पनी, राष्ट्रिय बीमा संस्थान, बीमा कम्पनीहरू, नेपाल टेलिकम, अपर तामाकोशी, चिलिमे जलविद्युत् कम्पनी लगायत को स्व-पूँजी (इक्वीटी) रहने गरी नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीको रूपमा 'बुढीगण्डकी जलविद्युत् कम्पनी' स्थापना गरेर लगाननी जुटाउन सकिने समितिको निष्कर्ष थियो। त्यसरी आयोजना बनाउँदा सरकारले जग्गा प्राप्ति, पुनर्वास लगायतमा करिब ९४ अर्ब भायावलिटी ग्याप फन्डिङ गर्नुपर्ने देखिएको थियो।

यसो गर्दा आयोजनाको लागत १७६ अर्ब कायम हुने र यसमा ३० प्रतिशत अर्थात् ५३ अर्ब स्व-पूँजी (इक्वीटी) र ७० प्रतिशत अर्थात् रू. १२३ अर्ब ऋणबाट व्यहोर्नुपर्ने समितिले निक्र्योल निकालेको थियो। सरकारले भायवलिटी ग्या फन्डिङमा खर्चेको पैसा पेट्रोलियम पदार्थमा लगाइएको पूर्वाधार करबाट असुल हुने समितिको भनाइ थियो।

नेपाल सरकारको पूर्ण लगानीमा नेपाल विद्युत् प्राधिकरणले आयोजना विकास र निर्माण गर्ने अर्को विकल्प पनि समितिले दिएको थियो। सरकारले नेपाल विद्युत् प्राधिकरणलाई सेयर र ऋण लगानीको माध्यमबाट स्रोत उपलब्ध गराउने र नेपाल विद्युत् प्राधिकरणले आयोजना कार्यान्वयन गर्ने भनिएको थियो।

इन्जिनियरिङ, खरिद, निर्माण र लगानी विधिमा आयोजना विकास र निर्माण गर्ने तेस्रो विकल्प पनि समितिले दिएको थियो। आयोजनाको इन्जिनियरिङ, खरिद र निर्माण गर्नका लागि वित्तीय व्यवस्था समेत आफैं गर्ने गरी प्रतिस्पर्धाको माध्यमबाट कुनै एक कम्पनीलाई जिम्मा दिन सकिने समितिको सुझाव थियो। आयोजना निर्माण भएपछि नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणलाई हस्तान्तरण गर्ने वा निश्चित समयसम्म सञ्चालन पनि गर्ने विकल्प हुन सक्ने समितिको निष्कर्ष थियो।

'निर्माणकर्ताले ऋणको स्रोत आफैं व्यवस्था गरी आयोजना सञ्चालनमा आए पश्चात् नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणसँग वार्षिक रूपमा लगानी फिर्ता माग्नेछ। नेपाल विद्युत् प्राधिकरणले आयोजनाबाट उत्पादित विद्युत् विक्री गरेर प्राप्त हुने रकमबाट लगानी फिर्ता गर्नेछ,' प्रतिवेदनमा भनिएको थियो।

त्यसबाहेक मन्त्रालयले धेरै लगानी लाग्ने तथा सरकारी र निजी क्षेत्रको एकल लगानीबाट सम्भाव्य नदेखिएका परियोजनामा बाँधसहितको जलाशय र विद्युतगृहलाई छुट्टा-छुट्टै आयोजनाका रूपमा बनाउने अवधारणामा पनि छलफल गरेको छ। यो जलाशय र विद्युतगृह छुट्टाछुट्टै तवरबाट निर्माण गर्ने र त्यसमा निजी क्षेत्रलाई आकर्षित गर्ने सरकारी योजना हो।

सरकारले आफ्नो लगानीमा जलाशय निर्माण गरिदिने र जम्मा भएको पानी विद्युत् गृहसम्म लैजाने संरचना र विद्युत गृहको निर्माण सञ्चालन गर्न प्रवर्द्धक कम्पनीलाई नै जिम्मा दिने सरकारी योजना छ। जलाशय प्रयोग गरेबापत प्रवर्द्धक कम्पनीले तोकिएको शुल्क भने सरकारलाई तिर्नुपर्ने व्यवस्था गर्ने योजना छ।

यो सरकारले लगानी गरेर जलायश बनाउने र त्यसबाट विद्युत उत्पादनमा अन्य प्रवर्द्धकलाई प्रोत्साहन गर्ने आधारभूत अवधारणा हो। जापानी सहयोग नियोग (जाइका)ले नलसिंगाड परियोजना बनाउन यो माडालिटी प्रस्ताव गरेको छ। जाइकाले जलाशय बनाउन जपान सरकारबाट ०.०१ प्रतिशत ब्याजदरमा लामो अवधिमा तिर्न सकिने सहुलियतको ऋण दिने बताएको छ। बूढीगण्डकी पनि यसैगरी बनाउन सकिने वा नसकिनेबारे विचार गरिरहेको छ।

राजनीतिले गिजोलेको आयोजना

बूढीगण्डकी आयोजना पटक-पटक राजनीतिक दाउपेचको शिकार बन्दै आएको छ। सुरूमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले यो आयोजना ईपीसीएफ मोडलमा बनाउन गेजुवालाई दिने निर्णय गरेको थियो। ०७४ जेठ २१ गते तत्कालिन ऊर्जामन्त्री जनार्दन शर्मा र गेजुवाका प्रतिनिधिबीच बालुवाटारमा सम्झौता भएको थियो।

तर ९ असोजमा तत्कालीन संसदको कृषि तथा जलस्रोत समितिको बैठकले खारेज गर्न निर्देशन दियो। त्यही निर्देशनका आधारमा शेरबहादुर देउवा नेतृत्वको सरकारले २७ कात्तिक ०७४ मा बूढीगण्डकी गेजुवाको हातबाट खोस्यो र ८ मंसिर ०७४ मा यो आयोजना स्वदेशी लगानीमै बनाउने घोषणा गरेको थियो। तर, तत्कालीन नेकपा एमाले र माओवादी केन्द्रको चुनावी गठबन्धनले बूढीगण्डकी आयोजना चीनलाई दिने भन्दै चुनावी मुद्दा नै बनाए।

चुनावपछि बनेको केपी ओली नेतृत्वको सरकारले असोज ०७५ मा राष्ट्रिय गौरवको बूढीगण्डकी जलविद्युत् आयोजना ईपीसीएफ मोडलमा गेजुवालाई दिने निर्णय गरेको थियो।

दोस्रोपटक बूढीगण्डकी निर्माणको जिम्मा लिन गेजुवाले १ भदौ ०७५ मा प्रधानमन्त्री कार्यालयमा निवेदन दिएको थियो। प्रधानमन्त्री कार्यालयले गेजुवासँग निर्माण मोडालिटीबारे छलफल अघि बढाउने गरी प्रस्ताव ल्याउन भनेपछि तत्कालीन ऊर्जामन्त्री वर्षमान पुनले सोही अनुसार मन्त्रिपरिषदमा प्रस्ताव पुर्याएका थिए। त्यसैअनुसार निर्णय भएर छलफल अघि बढे पनि गेजुवा अहिलेसम्म लगानीका लागि तयार भएन।

तत्कालीन विद्युत् विभागले २०४६ सालताका गरेको अध्ययनबाट यो आयोजनाको पहिचान भए पनि सरकारले विस्तृत परियोजना प्रतिवेदन तयार पार्न आव २०६९/७० बाट बजेट विनियोजन थालेको थियो। बूढीगण्डकी जलविद्युत् आयोजनामा हालसम्म विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्न र प्रभावित क्षेत्रको मुआब्जा वितरणमासरकारले ४० अर्ब रूपैयाँभन्दा बढी खर्च गरिसकेको छ।

आयोजनाले २०७४ सालदेखि डुवान क्षेत्रमा पर्ने जग्गाको मुआब्जा वितरण सुरू गरेकामा हालसम्म गोरखा र धादिङतर्फ ४७ हजार ४३९ रोपनी व्यक्तिगत जग्गाको मुआब्जा करिब ३५ अर्ब रूपैयाँ वितरण गरेको छ। आयोजनाका लागि जम्मा ५८ हजार १५३ रोपनी जग्गा अधिग्रहण गरिँदैछ।

सोमबार मात्र डुवान क्षेत्रमा पर्ने घर, गोठ, संरचना र बोटविरूवाको मुआब्जा निर्धारण भएको छ। आयोजनामा पुनर्बासका लागि स्थानको पहिचान गर्न र मुआब्जा वितरणमा आएका गुनासो व्यवस्थापन गर्नमा पनि ढिलाइ भएको छ। -सेन्चुरी टाइम्स् डटकमबाट

भूकम्प लगायत बहुप्राकृतिक प्रकोपबाट हुनसक्ने जनधनको क्षतिको न्यूनीकरण गर्न दक्ष प्राविधिकको सहयोग लिई भवनको नक्शा/डिजाइन तयार गरौं। साथै भवन निर्माण गर्दा नेपाल राष्ट्रिय भवन संहिता २०६० को पालना गरी भूकम्प प्रतिरोधी भवन निर्माण गरौं। निर्माण कार्यमा दक्ष प्राविधिक, तालिममा प्राप्त कालिगढ तथा गुणस्तरीय निर्माण सामाग्रीको प्रयोग गरौं। सुरक्षित रहने संस्कृतिको विकास गरौं।

नेपाल सरकार
सहरी विकास मन्त्रालय
**संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय**
**सानोगौचरण, काठमाडौं**

## जिल्ला समाचार

### विराटनगर विमानस्थल चाँडै स्तरोन्नति हुने

विराटनगर। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले विराटनगर विमानस्थलको स्तरोन्नति चाँडै गरिने बताएका छन्। विराटनगर विमानस्थलको शुक्रबार अनुगमन तथा निरीक्षणका क्रममा मन्त्री आलेले स्तरोन्नतिलगायत भौतिक संरचना निर्माणको काम चाँडै गरिने बताए। उनले भने,'विराटनगर विमानस्थलको स्तरोन्नतिका लागि बजेट विनियोजन भइसकेको छ, भौतिक संरचनालगायत काम चाँडै गरिने छ।' मन्त्री आलेले विमानस्थल स्तरोन्नतिका लागि रकम अपुग भए आगामी आर्थिक वर्षको बजेटमा विनियोजन गर्ने जानकारी दिए। विराटनगरबाट अन्य क्षेत्रमा हवाईसेवा सञ्चालन गर्न पहल भइरहेको उनले बताए। क्षेत्रीयस्तरको विमानस्थल निर्माण गर्न जग्गा अधिग्रहणका लागि १७ करोड आवश्यक पर्ने मन्त्री आलेले उल्लेख गरे। उनले भने, 'विराटनगर क्षेत्रीय स्तरको विमानस्थल बनाउन आवश्यक छ।' विराटनगर विमानस्थलमा रहेका कतिपय संरचना जीर्ण भएका र केही पुनःनिर्माण गर्नुपर्ने देखिएकाले त्यसका लागि बोलपत्र आह्वान भइसकेको मन्त्री आलेले जानकारी दिए।

### प्रदेशस्तरीय डिजिटल संवाद सम्पन्न

रूपन्देही। लुम्बिनी प्रदेशस्तरीय दोस्रो स्टार्टअप एण्ड आइडिया फेस्ट तथा डिजिटल संवाद ३.० लुम्बिनी प्रदेशमा सम्पन्न भएको छ। कार्यक्रममा लुम्बिनी प्रदेशका करिब २७ स्टार्टअप तथा आइडियाहरू सहभागी भएका थिए। फेस्टसँगै आयोजना भएको आइडिया पिचिङ, मेन्टरिङ तथा एक्सपिरियन्स शेयरिङमा २० वटा स्टार्टअप तथा इनोभेटर्स कम्पनीहरूले आफ्नो व्यवसाय तथा आइडिया प्रस्तुत गरेका थिए। जसमध्ये पाँचवटा कम्पनी तथा आइडियाहरू ईबाइक, फुड अन वेज, श्री सीता बाबा मल्टिटेक, लुम्बिनी स्टेम एजुकेसन र फरिद डटकमको एम सेक्युरिटी इन्क्युबेसन तथा मेन्टरिङका लागि चयन भएका छन्। प्रतिस्पर्धामा फरिद डट कमको एम सेक्युरिटी प्रथम भएको छ। प्रथम भएको कम्पनी सात्विक न्युट्रिन्ट्सले राष्ट्रिय वाणिज्य बैंकबाट १५ लाखको ऋण अनुदान प्राप्त गर्नेछ। सेसनमा बुटवलका टेक उद्यमी तथा योङ माइण्ड्सका एमडी डा. अभिजित गुप्ता, तथा युवा स्टार्टअप व्यवसायी प्रकाश न्यौपानेले प्रदर्शनीमा सहभागी स्टार्टअपहरूलाई मेन्टरसिप प्रदान गरेका थिए। साथै गण्डकी प्रदेशबाट थालनी भएको प्रदेशस्तरीय संवाद दोस्रो 'डिजिटल लुम्बिनी संवाद' पनि सम्पन्न भएको छ। संवाद सेसनमा लुम्बिनी प्रदेशका सूचना प्रविधि तथा ईगभर्नेन्स विज्ञ मिलन श्रेष्ठ र नेपथ्य कलेज लुम्बिनीका प्रधानाध्यापक सञ्जीव भण्डारीले प्रदेशको डिजिटाइजेसनको अवस्था र कार्यदिशाका बारेमा प्रस्तुति दिएका थिए।

### चिचिरी-गेन्द्रो दिवस

विराटनगर। प्रदेश नं. १ प्रमुख परशुराम खापुङले दोश्रो चिचिरी-गेन्द्रो दिवस -२०७८ को उद्घाटन गरेका छन्। चिचिरी-गेन्द्रो दिवसलाई धिमाल खाना महोत्सवको सांकेतिक अर्थ लगाइएको छ। उर्लाबारी नगरपालिका ३, मंगलबारेस्थीत धिमाल परियोजना स्थलमा उद्घाटन गरिएको चिचिरी-गेन्द्रोमा धिमाल जातिले परापूर्वकालदेखि दैनिक प्रयोगमा ल्याइरहेको खानालाई प्रवर्द्धन गर्नको लागि महोत्सव गरिएको धिमाल जातीय विकास केन्द्रका उपाध्यक्ष केदार धिमालले जानकारी दिएका छन्। धिमाल जातिले चामलबाट पकाएर बनाइने खानालाई चिचिरी र चामलको पिठोबाट बनाइने गेन्द्रो भनिन्छ। अन्यभन्दा विशेष भएकोले धिमाल जातिले फुड फेस्टिभलको नाम नै चिचिरी-गेन्द्रो राखेको हो। चिचिरी-गेन्द्रोको उद्घाटन गर्दै प्रदेश माननीय परशुराम खापुङले यस्ता फेस्टिभलले नेपालभित्रको नेपाली मौलिकतालाई विश्वभर पुर्याउन सकिने बताए। "चिचिरी-गेन्द्रो दिवसको उद्घाटनमात्र होइन, अहिलेसम्म स्वाद लिन नपाइएको खानाहरू चाख्न पाइएको छ, धिमाल जातिले स्वास्थ्यवर्द्धक, पौष्टिक खाना धेरै अगाडिदेखि सचेतता अपनाएको रहेछ भन्ने प्रष्टिएको छ।" माननीय प्रदेश प्रमुखको थप भनाई थियो। एक दिवसीय धिमाल फुड फेस्टिभल धिमाल जातिका २० प्रकारका खाना स्टल राखिएका थिए। त्यसैगरी धिमाल कलाकारहरूद्वारा विभिन्न प्रस्तुति पनि दिएका छन्।

### लुम्बिनीमा गठबन्धनले मतको आधारमा उम्मेदवारी बाँडफाँड गर्ने

बुटवल। लुम्बिनी प्रदेशमा गठवन्धन दलहरूले मतको आधारमा उम्मेदवारी बाँडफाँडको तयारी गरेका छन्। स्थानीय तहको निर्वाचनमा विगतको मतको आधार, उम्मेदवारको लोकप्रियताका आधारमा तालमेल गरेर चुनावी मैदानमा जाने अन्तिम तयारी गरिरहेको नेताहरूले बताएका छन्। लुम्बिनी प्रदेशले सोमबार बुटवलमा आयोजित एक कार्यक्रममा स्थानीय तहमा दलहरूको राजनीतिक अवस्था विषयक साक्षात्कार कार्यक्रममा बोल्ने दलका नेताहरूले अहिले वडास्तरबाटै तालमेल गर्ने तयारी भएको बताए। कार्यक्रममा नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सभापति अमरबहादुर पुनले गठबन्धन दलभित्र पार्टीहरूले आ-आफ्नो मत आधार संकलन गरिरहेको र त्यसैका आधारमा उम्मेदवारी दिने बताए। यसो गर्दा हार्ने सम्भावना नरहने लुम्बिनी प्रदेशमा गठबन्धनको जीत हुने र अत्यधिक बहुमत आउने दाबी उनले गरे। 'गठबन्धन दलहरूले चुनावी तालमेलमा अक्षरस पालना गर्छौं। जो उठेपनि साझा उम्मेरदवार बनाउछौं,' उनले भने। यस्तै, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा नेकपा माओवादी केन्द्रका संसदीय दल लुम्बिनी प्रदेशका प्रमुख सचेतक तुलाराम घर्तीले सत्ता गठबन्धनलाई स्थानीय मात्र नभइ अन्य निर्वाचनमा पनि निरन्तरता दिने बताए। प्रदेशका सबै स्थानीय तहहरूमा आफ्नो पार्टीले सर्कुलर गरेको र जसअनुसार पालिकामा निर्वाचन संयन्त्र परिचालन समिति गठनको छलफल भइरहेको उनले बताए। नेकपा एमालेका पोलिटब्यूरो सदस्य दधिराम न्यौपानेले भने एमाले जनताको प्रिय पार्टी भएकाले जस्तोसुकै गठबन्धनले फरक नपार्ने बताए। उनले लुम्बिनी प्रदेशमा आफ्नो पार्टीले ६० प्रतिशत जित हात पार्ने दावी गरे। प्रदेशका १ सय ९ वटा पालिकाहरूको सर्वेक्षण अनुसार यस्तो देखिएको उनको दाबी थियो। त्यस्तै, जनता समाजवादी पार्टी (जसपा)का केन्द्रीय सदस्य छन्द पन्थीले ठूला दलका नेताहरूले झुटको राजनिति गर्दै आएको बताए। उनले ठूला दलको होडबाजीले गठबन्धन निर्माण भएको बताए।

### आगलागीबाट २० लाखको क्षति

कैलाली। घोडाघोडी नगरपालिका-८ तारानगर बस्ने ३२ वर्षीया मालती बिकको घरमा करेन्ट सर्ट भई गएराति आगलागी हुँदा घर पूर्णरूपमा जलेर करिब २० लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ। प्रहरी, स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# हिन्दू राष्ट्रको विरोध गर्नेहरू राष्ट्रघाती हुन् : उपाध्यक्ष महासेठ



काठमाडौं। हिन्दू राष्ट्र नेपालको विरोध गर्नेहरू राष्ट्रघाती रहेको हिन्दू परिषद् नेपालका केन्द्रीय उपाध्यक्ष पिंकी महासेठले आरोप लगाएकी छन्। सम्पूर्ण नेपालीलाई एक सूत्रमा बाँध्ने सेतु रहेको भन्दै हिन्दू राष्ट्र नेपाल पुनः कायम हुनुपर्नेमा जोड दिएकी छन्। उनले भनिन्, 'धर्म-निरपेक्षता नेपाली जनताको एजेण्डा होइन, यो विदेशीहरूको एजेण्डा हो। नेताहरूलाई हिम्मत छ भने हिन्दू राष्ट्रको लागि जनमत संग्रह गराएर हेरोस् आफै दुधको दूध पानीको पानी आफै किलिएर हुन्छ।' 'हरेक देशको आफ्नो धर्म छ हामी नेपालमा ९४% सनातन धर्म भएको हुँदाहुँदै धर्म-निरपेक्ष लादिएको हो,' महासेठले भनिन्, 'हिन्दू परिषद नेपालको बटमलाइन हो हिन्दू राष्ट्र नेपाल हामी जसरी पनी हिन्दू राष्ट्र कायम गराएर छाड्छौं।' उनले परिषद्का सम्पूर्ण योद्धाहरू हिन्दू राष्ट्रको मानसिक रूपमा तैयार रहेको बताएका छन्।

# सोलुखुम्बुमा फोहोर पानी व्यवस्थापन परियोजनाका लागि भारतद्वारा सहयोग

काठमाडौं । खुम्जुङ्ग खुन्दे फोहोर पानी व्यवस्थापन परियोजना निर्माणका लागि भारतीय राजदूतावास तथा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवम् खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बुबीच एक समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको छ । भारत-नेपाल विकास सहकार्य अर्न्तगत भारत सरकारको करिब नेरू ४ करोड ११ लाख आर्थिक सहयोगमा यस सामुदायिक विकास परियोजनाको निर्माण हुनेछ । यस परियोजनाको निर्माणले सोलुखुम्बुको खुम्जुङ्ग गाउँमा बसोबास गर्ने मानिसहरूको स्वास्थ्य र गुणस्तरीय जीवनमा सुधार ल्याउनुका साथै जनस्वास्थ्यका हिसाबले अत्यन्तै आवश्यक सुरक्षित पानी तथा सरसफाईको व्यवस्था गर्नेछ ।
नेपालका सातैवटा प्रदेशमा विशेष गरी तल्लो तहमा स्वास्थ्य, शिक्षा, खानेपानी, कनेक्टिभिटी, सरसफाई तथा अन्य सार्वजनिक संरचनाहरूको निमार्ण जस्ता विविध क्षेत्रहरूमा सन् २००३ यता भारतले ५२३ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू अघि बढाइसकेको छ भने ४६७ वटा परियोजनाहरू सम्पन्न गरिसकेको छ । त्यसमध्ये सोलुखुम्बु जिल्लामा २ परियोजनासहित प्रदेश १ मा ७८ वटा परियोजनाहरूलाई अघि बढाइएको छ ।
नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक तथा बहुक्षेत्रीय सहकार्य रहेको छ । यस परियोजनाको कार्यान्वयनले नेपाली जनताको समुन्नितका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

# तराई-मधेश राष्ट्रिय परिषद्को अध्यक्षमा सामाजिक अभियन्ता राय चयन



काठमाडौं । तराई-मधेश परिषद्को प्रथम राष्ट्रियले सामाजिक अभियन्ता सरोज रायको अध्यक्षतामा २३ सदस्यीय केन्द्रीय कार्यसमिति चयन गरेको छ । काठमाडौंमा शुक्रबार र शनिबार गरी दुई दिनसम्म चलेको भेलाले रायको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । शनिबार राष्ट्रिय भेलाको बन्द सत्रमा उपस्थित प्रतिनिधिहरूको सर्वसम्मतिले केन्द्रीय कार्यसमिति गठन गरेको छ ।
भेलाको उद्घाटन समारोह संयोजक विकास कुमार ठाकुरको अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त समारोहमा मधेशी आयोगका अध्यक्ष डा.विजय दत्त, स्वाधिन मधेश अभियानका संयोजक कैलाश महतो, नागरिक अगुवा नारायण वाग्ले, अधिकारकर्मी तथा अभियन्ता रिता साह, अधिकारकर्मी राकेश मिश्र तथा आदिवासी जनजाति महासंघका महासचिव दिवस राईले सम्बोधन गरेका थिए । गुरू शरण सिंहले सञ्चालन गरेको कार्याक्रममा टीएमएनसी सदस्य तथा सामाजिक अभियन्ता सरोज रायले स्वागत मन्तव्य राखेका थिए । परिषद्को उपाध्यक्षमा गुरू शरण सिंह, महासचिवमा अशोक यादव, सचिवमा राजकुमार महतो र कोषाध्यक्षमा गौतम राज चयन भएको अध्यक्ष रायले बताए । यस्तै, सदस्यहरूमा सिएन थारू, अधिवक्ता विकास ठाकुर, सुशील चन्द्र ठाकुर, चन्दन साह, प्रिती रमन, गुन्जा राय, मनिषा साह, बजरंगी यादव, दिपक कुमार यादव, आदर्श कुमार सहनी, संजय साह, जय प्रकाश यादव, सत्रु यादव, अंशु कुमार यादव, विकास कुमार यादव, सुनील कुमार यादव, नरेन्द्र यादव र आदित्य यादव रहेका छन् । साथै, परिषद्को मनोनित हुने केन्द्रीय सदस्यको प्रस्ताव केन्द्रीय समितिको बैठकबाट हुने वैधानिक प्रावधान छ भने उपरोक्त समितको कार्यकाल तीन वर्षको हुनेछ । दोश्रो दिनको बन्द सत्रमा परिषद्को विधान र सांगठनिक प्रतिवेदन प्रस्तुत भई पारित गरिएको थियो ।

## आर्थिक समाचार

# नेपाल लाइफको २१औं वार्षिक साधारण सभा सम्पन्न

वीरगन्ज । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले सोमबार वीरगञ्जमा २१औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ । साधारण सभाले शेयरधनीहरूलाई चुक्ता पूँजीको १४ प्रतिशत बोनस शेयर तथा प्रति शेयर रू.०.७३६८ (कर प्रयोजनका लागि) नगद लाभांश वितरणको प्रस्ताव पारित गरेको छ । बोनश शेयर वितरण पश्चात् कम्पनीको चुक्ता पूँजी जीवन बीमा क्षेत्रकै सर्वाधिक रू. ८,२०,७९,६६,५४४/– हुनेछ । अध्यक्ष गोविन्द लाल संघईको अध्यक्षतामा सम्पन्न उक्त साधारण सभामा स्वागत मन्तव्य एवं वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै उनले समिक्षा वर्षमा कम्पनीले कुल बीमाशुल्क करिब २७ अर्ब ६५ करोड आर्जन गरी सर्वाधिक बजार हिस्सा हासिल गर्न सफल भएकोमा सम्बद्ध सबैमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गरे ।
अध्यक्ष संघईले २१ वर्षमा जीवन बीमा क्षेत्रमा कम्पनीको व्यवसायिक हिस्सा र गरिमालाई तमाम चुनौतिहरू बीच अझै नयाँ उचाइमा अगाडि बढाउनका लागि संरचनात्मक सुधार, संस्थागत सुशासनको पूर्ण पालना, सुदृढ आन्तरिक नियन्त्रण प्रणाली, सेवा प्रणालीमा नविन प्रविधिको प्रयोग, सम्पत्ति र दायित्व बीचको सन्तुलन, ग्राहक केन्द्रित योजना, विकेन्द्रिकरण, तालिम एवं अनुसन्धान तथा नयाँ बजारीकरण रणनीति अवलम्बन गरी आगामी दिनहरूमा अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरे ।
सभामा कम्पनीका वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले बीमा समितिबाट जारी लगानी निर्देशिकाको परिधिभित्र रही दीगो एवं भरपर्दो लगानीका क्षेत्रहरूमा लगानी विस्तार तथा विविधीकरण गर्दै जाने नीति लिएको बताएका छन् । त्यसैगरी, सम्पत्ति र दायित्वबीच सन्तुलन कायम गर्न पूँजीगत लगानी वृद्धि गर्न आवश्यक भएकोले मुलुकका विभिन्न सहरहरूमा दीर्घकालिन पूँजीगत लगानीका लागि ठोस कार्य गर्ने लक्ष्यकासाथ कम्पनी अगाडि बढेको जानकारी गराए । सभाबाट आ.व.२०७६/०७७ को संचालक समितिको वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, नगद प्रवाह विवरणहरू एवं कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा गरिएको संशोधन प्रस्तावहरू सभाद्वारा पारित भएको छ ।
सभाले संस्थापक शेयरधनीका तर्फबाट २०७८ चैत ७ गते प्रकाशित निर्वाचन कार्यक्रम अनुसार २०७८ चैत १३ गते संस्थापक संचालकमा उम्मेद्वारी मनोनयन गरी २०७८ चैत १४ गते अन्तिम नामावली प्रकाशित भए अनुसार निर्विरोध निर्वाचित हुनु भएका चार जना संचालकहरूको नाम घोषणा गरिएको छ ।
सो अनुसार निर्विरोध निर्वाचित हुने संस्थापक संचालकहरूमा गोविन्द लाल संघई, कमलेश कुमार अग्रवाल, विवेक अग्रवाल र शक्ति कुमार गोल्यान रहेका छन् । साधारण सभा सम्पन्न पश्चात् बसेको संचालक समितिको ३३६औं बैठकले नव निर्वाचित संचालक गोविन्द लाल संघईलाई संचालक समितिको अध्यक्षमा सर्वसम्मत चयन गरिएको छ । हाल यस कम्पनीको लगानी रू. १३३.८६ अर्ब रूपैयाँ रहेको छ भने जीवन बीमाकोष १२४ अर्ब ८४ करोड रूपैयाँ र शेयरधनी कोष ९ अर्ब ६७ करोडभन्दा बढी रहेको छ ।
कम्पनीमा २ लाख भन्दाबढी प्रशिक्षित अभिकर्ता रहेका छन् । हाल कम्पनीले आफ्ना सेवाग्राहीहरू तथा ग्राहकहरूका लागि देशभर २ सय २ कार्यालय सञ्जालहरू मार्फत जीवन बीमासम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराइरहेको छ । यस कम्पनीमा हालसम्म वैदेशिक रोजगार समेत गरि ३० लाख भन्दा बढी बीमितहरू रहेका छन् । ग्राहकहरूको हितलाई ध्यानमा राखी यस कम्पनीले समयसापेक्ष आवश्यक थप सेवा तथा सुविधाहरूसमेत उपलब्ध गराउँदै जाने प्रतिबद्धता व्यक्त गरेको छ ।

## अध्यक्षद्वारा शपथ ग्रहण

काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. का नवनिर्वाचित अध्यक्ष गोविन्द लाल संघईले कम्पनीको संचालन समितिको अध्यक्षको रूपमा शपथ ग्रहण गरेका छन् । बुधबार बीमा समितिका अध्यक्ष सूर्य प्रसाद सिलवालले बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ दफा ३ को उपदफा ४ बमोजिम शपथ दिलाएका हुन् ।

# उदयपुरमा निर्माण हुने विद्यालय भवन शिलान्यास

काठाडौं, २२ चैत । भारत सरकारको अनुदान सहायताअन्तर्गत उदयपुर जिल्लाको गाईघाट, त्रियुगा नगरपालिका बोक्सेस्थित श्री बालमन्दिर माध्यमिक विद्यालयको नयाँ विद्यालय भवनको शिलान्यास भएको छ ।
नयाँ विद्यालय भवनको निर्माणका लागि मंगलबार परराष्ट्रमन्त्री डा. नारायण खड्का तथा भारतीय राजदूतावासका कार्यवाहक राजदूत नामग्य सी खम्पाले शिलान्यास गरेका छन् ।
सामुदायिक विकास परियोजनाका रूपमा भारत-नेपाल विकास सहकार्य अन्तर्गत नेरू ३ करोड ११ लाखको लागतमा भारत सरकारको अनुदान सहयोगमा यो परियोजना अघि बढाइएको हो । श्री बालमन्दिर माध्यमिक विद्यालय उदयपुर जिल्लाकै एक पुरानो विद्यालय हो । निर्माण कार्य सम्पन्न भइसकेपछि यो विद्यालयलाई नयाँ परिसरमा सारिनेछ । विद्यालयमा हाल ११०० विद्यार्थीहरू अध्ययनरत छन् जसमा करिब ७०% छात्राहरू रहेका छन् ।
नेपालका सातैवटा प्रदेशमा विशेष गरी तल्लो तहमा स्वास्थ्य, शिक्षा, खानेपानी, कनेक्टिभिटी, सरसफाई तथा अन्य सार्वजनिक संरचनाहरूको निमार्ण जस्ता विविध क्षेत्रहरूमा सन् २००३ यता भारतले ५२३ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू अघि बढाइसकेको छ भने ४६७ वटा परियोजनाहरू सम्पन्न गरिसकेको छ । त्यसमध्ये उदयपुर जिल्लाका आठ निर्माण सम्पन्न परियोजना तथा निर्माण र कार्यान्वयनका विभिन्न चरणमा रहेका अन्य आठ परियोजनासहित ७१ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजना प्रदेश १ मा रहेका छन् ।
भारत र नेपालबीच बहुपक्षीय एवम् बहुक्षेत्रीय विकास सहकार्य रहेको छ जसले दुई मुलुकका जनताबीचको प्रगाढ सम्बन्धलाई प्रतिबिम्बित गरेको छ ।
आयोजित यस कार्यक्रमले शिक्षा जस्ता प्राथमिकताका क्षेत्रमा पूर्वाधार निर्माण गर्न नेपाल सरकारले चालेको प्रयासलाई सफल बनाउन भारत सरकार सदैव प्रतिबद्ध रहेको कुरालाई पुष्टि गरेको दूतावासले जनाएको छ ।

## ओलीको...

ल्याएपछि रौतहटका सबै विवादहरू थाती राखेर ओलीले मधेश प्रदेशमा एमालेको उपस्थिति बलियो बनाउने कोसिस गरेका छन् ।

**७ हजार प्रवेश**

एमालेले चैत २२ गते गरेको कार्यक्रममा पर्साको विभिन्न पालिकाका निर्वाचित जनप्रतिनिधि अरू दलका नाम चलेका नेताका साथै सर्वसाधारण गरी ठूलो संख्यामा एमालेमा प्रवेश गरेका छन् ।
पर्साको सखुवा प्रसौनी गाँउपालिको उपाध्यक्षमा जसपाबाट निर्वाचित फुलमतिदेवी चौधरी, बहदुरमाइ नगरपालिकाको उप्रमुखमा काँग्रेसबाट निर्वाचित गायत्री देवी यादव, धोबीनी गाँउपालिकाका उपाध्यक्ष पारसनाथ कुर्मी एमालेमा प्रवेश गरेका हुन् ।
तीन जना उपप्रमुख र केही वडा अध्यक्षसहित झण्डै ७ हजार जना एमालेमा प्रवेश गरेको एमाले वीरगन्ज महानगर कमिटीका उपाध्यक्ष महेश दासले बताए । नवप्रवेशीहरूलाइ एमाले अध्यक्ष ओलीले फूलको माला र टीका लगाएर पार्टीमा स्वागत गरेका थिए ।

**महासेठ र साहबीच अघोषित शीतयुद्ध**

मधेश प्रदेशमा अन्य दलका भन्दा प्रभु साहको कुरा सुनुवाइ हुन्छ । पुरूषोत्तम पौडेल, अच्यूत मैनाली लिला श्रेष्ठ, बिल्टु यादवहरू अहिले छायामा परेका छन् । त्यस्तै ओलीले नयाँलाई प्राथमिकता दिइरहेका बेला उनीहरूले प्रभु साहको मुनि बसेर काम गर्नुभन्दा अहिले चुपचाप बस्नु वेश भन्दै मौन छन् ।
साहले बारा पर्सा, रौतहट, महोत्तरी, धनुषा, सिराहा सप्तरी लगायतका आठ वटै जिल्ला हेर्न पाउनु भन्ने माग गरेका छन् । तर ओलीले रघुवीर महासेठलाई सचिव बनाएर प्रदेशको अघोषित जिम्मेवारी दिएका छन् । अहिले महासेठ र साहबीच अघोषित शीतयुद्ध चलिरहेको छ ।

## निर्णायक...

मधशको मुद्दा र स्वभीमानको लागि संघर्ष अहिले पनि जारी रहेको बताए । उनले एक दुई जना अवसरवादी र भगौडा नेताले मधेसी दल छाडेर जाँदैमा मधेसको मुद्दा र मधेसवाद समाप्त नहुने बताए । उनले मधेसको अधिकार र मागका लागि मधेसी संघर्ष अहिले पनि चलिरहेको बताए ।
२०७२ मा मधेसीको छातीमा गोली चलाएर संविधानसभाबाट संविधान जारी गरिएको घटना मधेसी जनताले अहिले पनि नबिर्सिएको र त्यसको बदलामा आगामी चुनावमा लिने महतोले बताए । झापादेखि कञ्चनपुर जिल्लासम्म २२ जिल्ला मधेस प्रदेश हुनुपर्ने माग आफूहरूको रहेको उनले बताए । २२ जिल्लाको मधेस प्रदेश भए प्रादेशिक राजधानी वीरगन्ज हुने उनले आश्वासन दिए ।
त्यस्तै अर्का नेता अनिल झाले मधेसी जनताको भोट लिएर सत्ताको स्वाद चाखिरहेको जसपा अब मधेसी दल नरहेको आरोप लगाए । उनले मधेसको अधिकार र मधेसको मुद्दा बोकेर आज पनि संघर्ष गरिरहेकाले लोसपा नै अब एकमात्र मधेशी दल रहेको जिकिर गरे ।

## प्रधानमन्त्री...

भ्रमण दलमा संलग्न महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकालले भारतले नेपालको आर्थिक, सामाजिक र राजनीतिकलगायत सबै क्षेत्रमा निरन्तर महत्वपूर्ण सहयोग उपलब्ध गराउँदै आएको उल्लेख गर्दै मोदीको भिजनरी नेतृत्वबाट भारतले गरिरहेको प्रगतिबाट नेपालले पनि लाभ लिनसक्ने बताए ।
उनले कुनै पनि मुलुक सरकार र निजी क्षेत्रको सहकार्य सहकार्यविना समृद्ध नहुने हुँदा देशभित्रै लगानीको वातावरण निर्माण हुनसकेमा भारतको लगानी आकर्षित गर्न सजिलो हुने बताए । नेपालमा पर्यटन क्षेत्रमा सम्भावना बढ्दै गएको बताउँदै अबको दुई वर्षमा अहिलेको पर्यटन पूर्वाधारले नपुग्ने र सरकारी नीतिका कारण यस क्षेत्रमा लगानी सहज भएको पनि ढकालले बताए ।
विगत ४०-५० वर्षदेखि जलविद्युत् नेपालको आर्थिक विकासको मेरूदण्ड हुन्छ भन्दै गरे पनि त्यसको प्रतिफल आउन नसकिरहेका अवस्थामा प्रधानमन्त्रीको यस भ्रमणले खासगरी जलविद्युत् क्षेत्रमा ब्रेक थ्रू नै गरेको जलविद्युत् व्यवसायी ज्ञानेन्दलाल प्रधान बताउछन् । पहिले हामीले भारतबाट मात्रै विद्युत् खरिद गरिरहेको अवस्थामा अब भारतले पनि नेपालबाट विद्युत् खरिद गर्न जसरी उत्साह देखाएको छ, त्यसले ठूला जलविद्युत् आयोजनाको निर्माण गरी भारतलगायत छिमेकी मुलुकमा ऊर्जा व्यापार गर्न सकिने सम्भावनालाई कार्यान्वयनमा ल्याउन सकिने भएको छ उनको ठम्याइ छ ।
नेपाल भारतको छिमेकी र परम्परागत सम्बन्ध रहँदै आएको मुलुक मात्र नभएर नवौं ठूलो निर्यात गन्तव्य मुलुक पनि हो । नेपालले पनि भारतमा निर्यात बढाउन खोजिरहेको भारतीय व्यवसायीको भनाइ थियो । नेपालको भारततर्फ र तेस्रो मुलुकको निर्यातमा भारतले सहजीकरण गरिदिनुपर्नेमा उनीहले जोड थियो । नाकामा पूर्वाधार सुधार र गैरभन्सार अवरोध हटाउनुपर्ने तथा कृषिजन्य उत्पादनको निर्यातका लागि समान गुणस्तरको ल्याब स्थापना गरी एक अर्काको देशमा मान्यता दिनुपर्नेमा छलफल भएको थियो । भारतसँग नेपालको बढ्दो व्यापार घाटा चिन्ताको विषय हो । नेपाली निजी क्षेत्रअन्तर्गत आइसिडी, आइसिपीजस्ता पूर्वाधारको व्यवस्थापन आवश्यक हुन्छन् । व्यापार र पारवहन सन्धिमा ढुवानीलाई समावेश गर्नुपर्दछ । नेपालले विशाखापट्टनम बन्दरगाहलाई अनुकूलतमरूपमा प्रयोग गर्नुपर्छ ।
कोभिड-१९ महामारी सुरू भएपछि हुन लागेको पहलो उच्चस्तरीय भ्रमणका क्रममा नेपालले विभिन्न परियोजना कार्यान्वयनमा पनि जोड दिनुपर्ने नेपाली उद्योगी जाजु समूहका अध्यक्ष महेश जाजुको जोड रहेको छ । नेपालको विकासका लागि पूर्वाधार विकास, पर्यटन, जलस्रोतसहित विभिन्न क्षेत्रमा भारतीय लगानीको आवश्यकता रहेको हुँदा आर्थिक मुद्दा द्विपक्षीय वार्ताको केन्द्रमा रहेकाले आगामी दिनमा सकारात्मक परिणाम निस्कने उनको भनाइ छ ।
'हाम्रो व्यापारको असन्तुलन घटाउनका निम्ति हाम्रा वस्तुको निर्यातका लागि भारतले सहयोग गर्नुपर्छ', जाजुले भने । प्रधानमन्त्रीको भ्रमणका क्रममा आर्थिक साझेदारी, व्यापार तथा पारवहन कनेक्टिभिटी, ऊर्जा र जलस्रोतमा केन्द्रित रहेर सम्बन्धमा भएको प्रगतिको समीक्षा भएको छ । पछिल्लो एक दुई वर्षमा भारतको व्यापार निकै बढेको छ । नेपालले पनि उत्तिकै फाइदा लिनुपर्छ । नेपालले भारतमा उपलब्ध आर्थिक र व्यापारिक अवसरलाई व्यापकरूपमा उपयोग गरी आफ्नो उत्पादक क्षमता, अपर्याप्त पूर्वाधार, कम प्रत्यक्ष वैदेशिक लगानी, आसन्न समस्यालाई सम्बोधन गर्न प्रभावकारी संस्थागत संयन्त्रको निर्माण गर्नसकेमा आगामी दिनमा दुई देशको आर्थिक सम्बन्ध अझ फराकिलो बन्दै जाने देखिन्छ ।

आगलागीबाट सावधानी अपनाऔं।

निम्न कारणबाट आगलागी हुनसक्छ,

- आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरवाही गर्दा,
- चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई।
वन जङ्गललाई चोरी निकासी तथा अतिक्रमण हुनबाट जोगाई चुरेको संरक्षण गरौं।
तराई मधेशलाई मरुभूमिकरण हुनबाट जोगाऔं ॥
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर, फोन: ०१-५५३१३११
www.chureboard.gov.np



मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।
मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।
विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं